## विशेष इजलास

**स.प्र.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री रामकुमारप्रसाद शाह, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रेम शर्मा,** रिट नं. ०६८-WS-००१४, नेपालको अन्तरिम संविधान, २०६३ को दशौं संशोधन बदर घोषित गरिपाऊँ, *भरतमणि जङ्गम समेत वि. राष्ट्रपतिको कार्यालय समेत*

संविधान निर्माताले संकटकाल जस्तो असहज अवस्था र परिस्थितिमा पनि संविधानसभाको कार्यकाल बढाउने अवधि ६ महिनाभन्दा बढी हुन नहुने गरी निर्दिष्ट गरेको र संविधानसभाको निर्वाचनका माध्यमबाट जनताले संविधानको उल्लिखित प्राबधानलाई अनुमोदन गरेकोलाई संविधान संशोधनका माध्यमबाट अनन्तकालसम्म संविधानसभाको कार्यकाल बढाउन नसकिने कुरामा विवाद हुन सक्दैन। स्पष्ट रूपमा अवधि किटान गरिएको कुरामा सोही अवधिभित्र कार्य सम्पन्न गरिनु पर्दछ। अन्तरिम संविधानको धारा ६४ मा संविधानसभामार्फत् संविधान निर्माणका लागि निर्दिष्ट गरिएको समयावधि केवल आलंकारिक मात्र हो भन्ने ठानिनु हुँदैन। अन्तरिम संविधान निर्माणका क्रममा संविधान निर्माताले सुविचारित रूपमा सो समयावधि राखी संविधान निर्माणको कार्यलाई सुनिश्चितता प्रदान गरेको अवस्थामा त्यस्तो निश्चित प्राबधानलाई कुनै महत्व नै नदिई संविधान संशोधनको अधिकारअन्तर्गत संविधानसभाको कार्यकाल पटक-पटक वढाई संविधान कहिले सम्ममा निर्माण हुन्छ भन्ने कुरालाई नै अनिश्चिततामा पार्ने अधिकार पनि अन्तरनिहित हुन्छ भनी संविधानको उक्त धारा ६४ को मूल प्राबधानको मनोगत अर्थ गरिनु जनादेश प्रतिकूल हुन जान्छ। त्यस्तो अनिश्चिय र सीमाहीन स्थिति सिर्जना हुने गरी संविधानसभा आफैंले आफ्नो कार्यकाल वढाउँदै जानु संवैधानिक विधिशास्त्रको दृष्टिकोण समेतवाट मनासिव हुन नसक्ने।

जनताले गरेका जायज अपेक्षाहरूलाई सम्वोधन गर्दै संविधानसभाले संविधान निर्माणको कार्यतालिका समेत सार्वजनिक गरेको अवस्थामा जनता संविधान निर्माणप्रति पूर्णरूपेण आश्वस्त बन्नु उनीहरूको वैध अपेक्षा (Legitimate Expectation) नै हो। जनताको त्यस्तो वैध अपेक्षालाई संविधान निर्माणको ऐतिहासिक जिम्मेवारी पाएको निकायले सम्मान गर्नुपर्दछ र तदनुरूपको जवाफदेहीता वहन गर्नु पनि पर्दछ। यदि यस्तो निकायबाट तोकिएको जिम्मेवारी निर्धारित समयमा पूरा नगरेर आफ्नो ईच्छाअनुकूल पटकपटक म्याद थप गर्दै जाने हो भने त्यस्तो कार्यले निर्धारित कार्य सम्पन्न हुनेतर्फ अनिश्चितता र अन्यौलको अवस्था सिर्जना गर्नुको साथै त्यस्तो निकायले गरेको कार्यको वैधानिकतामा पनि प्रश्न उठ्ने अवस्था आउँछ। लोकतन्त्रको प्रमुख विशेषता जन-उत्तरदायी शासन प्रणाली पनि हो। उत्तरदायी शासन प्रणालीमा जनतासँग गरेका बाचाहरू पूरा गरिनु पर्दछ, अन्यथा जनतासँग त्यसको जवाफ माग्ने अधिकार रहन्छ। प्रस्तुत रिट निवेदनलाई पनि त्यही जवाफदेहीताको खोजी गर्ने एउटा प्रक्रियाको रूपमा बुझ्नु वाञ्छनीय हुने।

संविधानसभा संविधान निर्माणसम्बन्धी मूलभूत जिम्मेवारीका विषयहरू भन्दा बाह्य विषयवस्तुहरूले संविधानसभाको समयावधि व्यतित गर्न निर्णायक भूमिका खेलेको कारणले गर्दा संविधान निर्माण कार्य प्रभावित हुन पुगेको स्पष्ट आभाष हुन्छ। त्यस्तै संविधानसभाले नयाँ संविधान पारीत गरी त्यस्तो संविधान प्रारम्भ भएको दिनदेखि संविधानसभाको म्याद समाप्त हुने धारा ८२ मा संवैधानिक व्यवस्था रहेको भन्ने कुरालाई संविधान संशोधनको आधार बनाइएको देखिन आउँछ। जो कदापि संविधानको भावना र जनताको अपेक्षा नहुने।

फैसलाहरूमा स्पष्ट रूपमा अभिव्यक्त भएका, ध्यानाकर्षण गराइएका र गम्भीरता देखाइएका संवैधानिक व्याख्यालाई विपक्षी निकायहरूले पर्याप्त रूपमा मनन गरेको, मार्गदर्शनको रूपमा लिएको र तदनुरूप क्रियाशील भएको अवस्था देखिएन। अघिल्ला दुबै रिट निवेदनहरू खारेज भएतापनि खारेजीको परिणाममा पुग्नु अघि संविधानको धारा ६४ को संशोधनको वैधताको बारेमा, आवश्यकताको सिद्धान्तका बारेमा र समयसीमा समेतका बारेमा पर्याप्त रूपमा विवेचना भै स्पष्ट न्यायिक दृष्टिकोण अभिव्यक्त भएको छ। त्यसरी गरिएको विवेचना र अभिव्यक्त भएका

न्यायिक दृष्टिकोणहरू तर्फ कुनै वास्ता नगरी ती रिट निवेदनहरू खारेज भएको परिणाम मात्रलाई आधार लिई संविधानको धारा ६४ को संशोधनले वैधानिकता पाएको भन्ने निष्कर्ष निकाली उक्त धारा ६४ मा गरिएको पटक-पटकको संशोधन ग्राह्य हुन नसक्ने ।

संविधानसभाको एकमात्र कार्य संविधान निर्माण हो भन्ने कथनको पुनरावृत्तिले मात्र संविधान निर्माणलाई सार्थक निष्कर्षमा पुऱ्याउँदैन र संविधानको धारा ६४ लाई वेवास्ता गरी केवल संविधानसभाले पारीत गरेको संविधान प्रारम्भ भएको दिनदेखि मात्र संविधानसभाको कार्यकाल समाप्त हुन्छ भन्ने धारा ८२ को व्यवस्थालाई मनोगत आधार लिई संविधान निर्माण गर्ने समयावधि नै अनिश्चित हुने गरी संविधानको धारा ६४ मा पटक-पटक संशोधन गरी अनन्तकालसम्म संविधानसभाको अवधि वढाउने कार्यको औचित्य पुष्टि हुन नसक्ने ।

संविधानसभा संविधानद्वारा तोकिएको अवधिमा संविधान निर्माण गरिसक्ने जनादेशप्राप्त जनप्रतिनिधिहरूको संस्था भएकोले यदि यसले आफ्नो जिम्मेवारी तोकिएको अवधिमा सम्पन्न गर्ने कार्यको सुनिश्चितता प्रदान गर्न नसक्ने हो भने संविधानअन्तर्गत नयाँ संविधान निर्माणको लागि वैकल्पिक मार्ग प्रशस्त गर्ने जिम्मेवारी पनि यही संविधानसभाको हुन्छ । यति नहुँदासम्म संविधान निर्माण कार्यले सार्थकता पाउँछ भन्ने विश्वासको आधार खडा हुँदैन र त्यस कुराको जनतासम्म सम्प्रेषण पनि नहुने ।

संविधानसभामार्फत् नेपाली जनताले आफ्ना लागि आफैं संविधान बनाउन पाउने ऐतिहासिक अवसरका रूपमा यसलाई हेरिएको भएतापनि संविधानसभाको गठन हुनुले मात्र त्यो ऐतिहासिक दायित्व पूरा हुने होइन । संविधानसभा आफ्नो गुरुत्तर दायित्वलाई बुझेर तदनुरूप क्रियाशील र जनताप्रति उत्तरदायी नहुने हो भने नेपाली जनताको त्यो अभिलाषा पूरा हुन नसक्ने ।

स्वभावतः नागरिक स्वतन्त्रता, मौलिकअधिकार, मानवअधिकार, बालिग मताधिकार, आबधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणा जस्ता अन्तरिम संविधानले आत्मसात गरेका लोकतान्त्रिक पद्धतिको आधारहरूलाई नै खल्बल्याउन सक्छ र नेपाली जनताका अधिकारहरू क्रमशः खुम्चिँदै जाने अवस्था पनि आउन सक्छ । संक्रमणकालको निरन्तरतासँगै लम्बिँदै जाने यावत् समस्याहरूको चक्रव्यूहमा नेपालको लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक, सामाजिक परिवर्तनका मुद्दाहरू समेत पर्ने हुन् कि भन्ने संशय र दुविधाबाट नेपाली जनताग्रस्त हुने अवस्था सिर्जना भएको छ । त्यस किसिमको भयबाट नेपाली जनतालाई मुक्त राख्नका लागि तत्कालको अवस्थामा यही संविधानसभामार्फत् नयाँ संविधान निर्माण हुने कुराको सुनिश्चितता बाहेकको अहिले नै यस अदालतले अर्को विकल्पको खोजी गर्न सक्ने अवस्था छैन । तर यसको अर्थ अनन्तकालसम्म पनि संविधान निर्माण गर्ने आफ्नो दायित्व संविधानसभाले निर्वाह गर्न सकेन भने पनि मूलभूत जिम्मेवारी पूरा गर्न नसक्ने त्यस्तो निकाय नै सँधैका लागि शास्वत र निर्विकल्प रूपमा कायम रही रहनु पर्छ भन्ने दृष्टिकोण पनि यस अदालतले बनाउन सक्दैन । किनभने संविधानले निश्चित जिम्मेवारीका साथ खडा गरेको संस्था वा निकायको एउटा औचित्यपूर्ण समय सीमा र अवधि हुन्छ र त्यो कुरा वर्तमान संविधानसभाको हकमा पनि समान रूपमा लागू हुने ।

संविधान निर्माणको कार्य नै ओझेलमा पर्ने गरी व्यवस्थापिका-संसदको हैसियतमा सरकारको गठन र विघटनलाई प्राथमिकतामा राखी संविधानसभा आफ्नो मूल जिम्मेवारीप्रति नै विमुख रहेको देखिने गरी त्यस किसिमको अनिश्चितता देखाउने र पटक-पटक संविधानसभाको कार्यकाल थप गरी यसलाई एउटा अन्त्यहीन संस्थाको रूपमा स्थापित गर्न खोज्नु अन्तरिम संविधानको अभिप्राय होइन, संविधानको धारा ६४ ले त्यस्तो परिकल्पना गरेको छैन, नत आवश्यकताको सिद्धान्तले नै त्यस्तो प्रवृत्तिलाई सहयोग गर्ने ।

जिम्मेवारी लिने व्यक्ति वा संस्थाले आफ्नो क्षमता वा काबु बाहिरको परिस्थितिका कारणले आफूले लिएको जिम्मेवारी पूरा गर्न सक्दैन, यस्तो परिस्थितिलाई आफ्नो सामर्थ्य भन्दा बाहिरको घटना ठानिन्छ र यस्तो परिस्थितिबाट उत्पन्न असमर्थतालाई क्षम्य मानिन्छ, त्यो नै आवश्यकताको सिद्धान्तको मूल अभिप्राय हो । कुनै परिस्थितिलाई उपेक्षा गर्न वा रोक्न सकिँदैन र सो परिस्थितिको कारण कुनै निर्णय लिनु आवश्यक

भयो र सो निर्णय सामान्य अवस्थामा कानूनी हुँदैनथ्यो भने पनि त्यसको औचित्य र वैधता सोही असामान्य अवस्थाले पुष्टि गरिदिने परिस्थितिमा आवश्यकताको सिद्धान्त आकर्षित हुन सक्ने हो । तर आफैँले सिर्जना गरेको जिम्मेवारी विमुखता, अकर्मण्यता र जटिलतालाई ढाकछोप गर्ने प्रयोजनको लागि आवश्यकताको सिद्धान्त लागू हुन नसक्ने ।

एउटै विषयमा पटक-पटक आवश्यकताको सिद्धान्तको आड लिन खोज्नु कुनै पनि जीवन्त संस्थाका लागि शोभनीय विषय होइन । संविधानले जहिले पनि आफ्नो वा आफ्ना अवयवहरूको क्रियाशीलताको अपेक्षा गर्दछ । संविधान एउटा त्यस्तो जीवन्त लिखत हो, जसले राज्यको जीवनमा आउन सक्ने अनेकौं बाधा, व्यवधान र कठिनाईहरूका बीचमा पनि क्रियाशील भई समग्र शासन सञ्चालनलाई गतिशील तुल्याई राख्ने सामर्थ्य बोकेको हुन्छ । त्यसैले एउटै समस्यालाई कहिल्यै पनि समाधान गर्न नसक्ने मानी सम्पूर्ण प्रक्रियालाई अवरुद्ध गराई राख्ने सम्मको जडता संविधानले परिकल्पना गरेको नहुने ।

संविधान निर्माणमा भूमिका खेल्नु पर्ने जिम्मेवार निकाय संविधानसभा संविधानको मूल मर्म र अदालतको आदेशमा अभिव्यक्त धारणाभन्दा फरक ढंगले अघि बढ्न खोज्ने र आमनागरिक संविधान निर्माण हुने हो वा होइन भन्ने अन्यौलको भूमरीमा रहिरहने विरोधाभाषपूर्ण अवस्थाको पनि अब अन्त्य हुनु पर्ने ।

संविधानसभामार्फत् संविधान निर्माण हुनुपर्छ भन्ने अन्तरिम संविधानको भावना र जनताको उत्कट अभिलाशा, मुलुकको सामाजिक संरचना, संविधान निर्माणको निम्ति राज्यले हालसम्म गरिसकेको लगानी, संविधानसभाले संविधान निर्माणका क्रममा हालसम्म सम्पन्न गरेका कार्यहरू, राजनीतिक दलहरू बीच विभिन्न समयमा भएका राजनीतिक सहमति र अन्तरिम संविधानप्रति व्यक्त हुँदै आएको प्रतिबद्धता समेतको समग्र मूल्याङ्कन गरी एउटा निश्चित अवधिभित्र संविधान निर्माण हुन्छ भनी आश्वस्त पारी संविधान निर्माण गरी देखाउने वा निर्वाचन, जनमत संग्रह जस्ता अन्य विकल्पतर्फ राजनीतिक सहमति गरी एउटा ठोस निकास दिई मुलुकलाई अन्यौलता र अनिश्चितताको परिस्थितिवाट मुक्त गर्ने महत्वपूर्ण जिम्मेवारी अहिले पनि वर्तमान संविधानसभामा नै निहित रहेको छ भन्दा अत्युक्ति नहुने ।

संविधानसभामार्फत् नयाँ संविधान निर्माण गर्ने नेपाली जनताको चाहना, संविधान निर्माणको प्रक्रिया प्रारम्भ भएपछि राज्यले हालसम्म गरेको लगानी र संविधानसभाले संविधान निर्माणको सिलसिलामा हालसम्म हासिल गरेका उपलब्धिहरूलाई जोगाउनु पर्ने वृहत्तर संवैधानिक उत्तरदायित्व वहन गर्दै यस अदालतले दशौं संशोधनबाट थप भएको समयावधिभित्र संविधान निर्माण गर्न यथासम्भव प्रयास गर्ने अपेक्षा गर्नु स्वाभाविक हुन्छ । सो बमोजिम संविधान निर्माण गर्न नसकेको अवस्थामा वर्तमान संविधानसभाले नै बाँकी काम पूरा गरी संविधान निर्माण गर्न थप समय आवश्यक भएमा वर्तमान संविधानसभालाई अन्तिम अवसर प्रदान गरिनु उपयुक्त र वाञ्छनीय हुने ।

इजलास अधिकृतः उमेश कोइराला,

कृष्णमुरारी सिवाकोटी

इति संवत् २०६८ साल मंसिर ९ गते रोज ६ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री अवधेशकुमार यादव,** रिट नं. ०६७-WO-०८५५, उत्प्रेषण समेत, *लक्ष्मण थपलिया वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नागरिकको दैनिक जीवनसँग सम्बन्धित विद्युत जस्तो ऊर्जा पर्याप्त मात्रामा उत्पादन र वितरण गरी आम जनजीवनलाई सहज तुल्याउनु राज्यको दायित्व हो भन्ने कुरामा विवाद हुनुपर्ने अवस्था छैन । यसैका लागि विद्युत ऐन, २०४९ विद्युत प्राधिकरण ऐन, २०४१ लगायतका ऐन र नियमावली तर्जुमा भएका र राष्ट्रियस्तरमा विद्युत नीति तथा कार्ययोजनाहरू निर्माण भएको पनि देखिन आउँछ । राज्यको स्रोत साधनको अवस्था के कस्तो रहेको छ, विद्यमान साधन स्रोतलाई परिचालन गर्दा के कुन क्षेत्रलाई प्राथमिकता दिनुपर्ने अवस्था छ भन्ने कुराहरू राज्यको न्यायपालिकीय अङ्गबाट निर्धारण हुन सक्ने विषय नभई विशुद्धरूपमा कार्यपालिकाको नीति र कार्यक्रमसँग

सम्बन्धित विषय देखिन आउँछ । त्यसैले कार्यपालिकाको क्षेत्राधिकारअन्तर्गत पर्ने यस्तो आर्थिक र प्राविधिक विषयमा न्यायिक क्षेत्रबाट मूल्याङ्कन गरी निर्णय निरूपण गर्न मिल्ने नदेखिँने ।

इजलास अधिकृतः नारायण सुवेदी
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६८ असोज ५ गते रोज ५ शुभम् ।

२

**स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री अवधेशकुमार यादव,** रिट नं. ०६६-WO-१२५३, उत्प्रेषण समेत, *रामचन्द्र साहू समेत वि. चन्देश्वर यादव समेत*

आफै वादी बनी सुकुम्बासी समस्या समाधान आयोगको २०५८।३।११ को निर्णय बदर तथा सो निर्णयबाट कायम भएको दर्ता बदर समेतमा २०६० सालमै नालेस गरेको रिट निवेदकहरूले उक्त मुद्दाबाट अपेक्षित परिणाम प्राप्त नभएपछि सो सम्पूर्ण तथ्यहरू लुकाई छूट दर्ताको कारवाही सम्बन्धमा बुझ्न जाँदा मालपोत कार्यालयबाट मिति २०६७।१।१५ मा मात्र उक्त कुरा थाहा पाएको भनी २०६७।३।८ मा आएर प्रस्तुत रिट निवेदन दायर गरेको देखियो । छूट जग्गा दर्ताका सम्बन्धमा २०६०।६।८ मै निर्णय भै सोउपर २०६० सालमै पुनरावेदन समेत गरी २०६६।२।११ मा निर्णय भैसकेको महत्वपूर्ण तथ्यलाई गलत उल्लेखन गरी छूट दर्ताको कारवाही चली नै रहेको र सो सम्बन्धमा २०६७ सालमा बुझ्न जाँदा मात्र जग्गा वितरण गरेको निर्णय सम्बन्धमा जानकारी पाएको भनी उल्लेख गर्नुबाट निजहरू सफा हात लिई अदालत प्रवेश गरेको देखिएन । साथै निवेदकहरूले छूट दर्तातर्फ शीघ्र कारवाही गर्नु भनी विपक्षी मालपोत कार्यालयका नाउँमा परमादेशको माग गरेको देखिन्छ । जबकि मालपोत कार्यालयबाट छूट दर्ता हुन नसक्ने भनी २०६०।६।८ मा निर्णय भै सोउपर पुनरावेदन गरी पुनरावेदन अदालत समेतबाट शुरू निर्णय मनासिब ठहरी फैसला भैसकेको देखिन आउँछ । निवेदकले लिएको माग दावीसँग सम्बन्धित यस्तो आधारभूत तथ्यका सम्बन्धमा समेत गलत तथ्य र व्यहोरा उल्लेख गरी अदालतलाई गुमराहमा पारी २०५८।३।११ मा भएको निर्णय बदर गराउन अत्यन्त बिलम्ब गरी पर्न आएको प्रस्तुत रिट निवेदनको औचित्यभित्र प्रवेश गरी थप विचार गरिरहनु पर्ने अवस्था नदेखिँने ।

तसर्थ उल्लिखित आधार र कारणबाट निवेदक आधारभूत तथ्य ढाँटी सफा हात नलिई ज्यादै बिलम्ब गरी प्रस्तुत रिट निवेदन गर्न आएको देखिँदा निवेदन मागबमोजिम आदेश जारी गर्नु नपरी रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायण सुवेदी
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६८ असोज ५ गते रोज ५ शुभम् ।

३

**स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री गिरीश चन्द्र लाल,** दे.पु.नं. ०६७-CI-०१७६, परमादेश, *हीमादेवी दाहाल(गुरुङ) वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

पुनरावेदिकाले शुरूदेखि नै अ.न.मी. पदमा नियुक्ति पाई स्तरवृद्धि हुँदै अधिकृत छैठौंसम्म भएको भन्ने तथ्य निवेदन तथा यस अदालतसमक्षको पुनरावेदनपत्रमा नै उल्लेख भएको देखिन्छ । शुरू निवेदनसाथ पेश गरिएको निजको स्तरवृद्धि सम्बन्धको मिति २०६४।४।९ को पत्र हेर्दा स्वास्थ्य सेवा ऐन, २०५३ (संशोधनसहित २०६३) को दफा ९(७क) को खण्ड (छ) र (ज) अनुसार ऐनको दफा ९ को उपदफा (७घ) बमोजिम जुन तहबाट स्तरवृद्धि भएको हो सोही तहमा रही कामकाज गर्ने गरी स्तरवृद्धि गरिएको भन्ने समेत उल्लेख भएको देखिन्छ । नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७ सँग सम्बन्धित अनुसूची ३ को सि.नं. ७ मा प.हे.न. अधिकृत छैठौं र सि.नं. ८ मा सि.अ.न.मी. अधिकृत छैठौं पद उल्लेख भएको भन्ने कुरा पनि पुनरावेदनपत्रमा नै उल्लेख गरिएको पाइन्छ । यस प्रकार पुनरावेदिकाको जुन तह र पदबाट स्तरवृद्धि भएको हो सो पदसँग सम्बन्धित सि.अ.न.मी. अधिकृत छैठौं पद देखिएको भनी उक्त पदनाम दिनु भनी पुनरावेदन अदालतबाट जारी भएको आदेशमा कुनै त्रुटि विद्यमान रहेको नपाइने ।

इजलास अधिकृतः नारायण सुवेदी
इति संवत् २०६८ साल भदौ ३० गते रोज ६ शुभम् ।

४

**स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री गिरीश चन्द्र लाल,** दे.पु.नं. ०६५-CI-०२८५, निषेधाज्ञायुक्त परमादेश, *विजया थापा समेत वि. अमृत शम्शेर थापा*

दावीको जग्गामा पुनरावेदकहरूको हक कायम नभई सो जग्गाहरूका सम्बन्धमा चलेका मिलापत्र बदर समेतका मुद्दाहरू अद्यपिसम्म यस अदालतको विचाराधीन रहेको भन्ने देखिन्छ । तर उक्त जग्गाहरूमा निवेदकको हक कायम भैसकेको अवस्था छैन । विवादित जग्गाहरूमा पुनरावेदकहरूको हक पुग्ने अवस्था देखिए विचाराधीन मुद्दाको रोहबाट कानूनसम्मत् र उपयुक्त हुने अवस्थामा रोक्काको आदेश हुन सक्ने हुँदा प्रस्तुत निषेधाज्ञायुक्त परमादेश मुद्दाबाट त्यससम्बन्धमा आदेश जारी गर्नुपर्ने देखिन नआउने ।

इजलास अधिकृतः नारायण सुवेदी

इति संवत् २०६८ साल भदौ ३० गते रोज ६ शुभम् ।

५

**स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री गिरीश चन्द्र लाल,** दे.पु.नं. ०६७-CI-०५६१, निषेधाज्ञा, *विश्वगोपाल कार्की समेत वि. विष्णुबहादुर कार्की समेत*

घर निर्माणको आशंका नरही निर्माण कार्य नै शुरू गरिसकेको अवस्था देखिएको र घर निर्माण गर्न लागेको घडेरी जग्गाको स्वामित्वका सम्बन्धमा विचाराधीन रिट तथा फैसला कार्यान्वयनको कारवाहीबाट यकीन निरोपण हुने नै हुँदा त्यस्तो निषेधाज्ञाको निवेदनबाट हकबेहक हुने गरी बोल्न मिल्ने अवस्था देखिन नआएकोले निवेदन खारेज गरेको पुनरावेदन अदालतको निर्णय अन्यथा देखिन नआउने ।

इजलास अधिकृतः नारायण सुवेदी

इति संवत् २०६८ साल भदौ ३० गते रोज ६ शुभम् ।

६

**स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री गिरीश चन्द्र लाल,** दे.पु.नं. ०६६-CI-०९११, निषेधाज्ञा, *अनीता गुप्ता समेत वि. राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालय समेत*

पुनरावेदकमध्येको अनीता गुप्ता प्रोपाइटर रहेको रोयल अप्टिकल्स कन्सर्नको कर्जा कारोवारको लागि अन्य पुनरावेदकहरूले निजहरूका नाउँ दर्ताको घरजग्गा सुरक्षण दिएको भन्ने कुरामा कुनै विवाद नरहेको र विवादित प्रतीतपत्रकै विषयमा पुनरावेदक समेतउपर भ्रष्टाचार मुद्दा चलिरहेको भन्ने देखिँदा प्रतीतपत्रकै शर्त उल्लंघन भएको छ, छैन र निजहरूको के कस्तो संलग्नता रहेको छ वा छैन भन्ने तथ्यगत विषयमा सबूद प्रमाणको मूल्याङ्कन गरी सोही मुद्दाबाटै निरोपण हुने अवस्था देखिँदा प्रस्तुत निषेधाज्ञा मुद्दाबाट बोल्न मिल्ने अवस्था नदेखिँने ।

इजलास अधिकृतः नारायण सुवेदी

इति संवत् २०६८ साल भदौ ३० गते रोज ६ शुभम् ।

- यसै लगाउको दे.पु.नं. ०६६-CI-०९१२, परमादेश, *अनीता गुप्ता समेत वि. राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

७

**स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री गिरीश चन्द्र लाल,** दे.पु.नं. ०६७-CI-१०२९, CI-१०३०, निषेधाज्ञा, *शान्ति श्रेष्ठ वि. दीपबहादुर राई, जनककुमार नापित वि. दीपबहादुर राई*

निवेदकसँग आर्थिक कारोवार रहेको तथ्यलाई पुनरावेदकमध्येको शान्ति श्रेष्ठको यस अदालतसमक्षको पुनरावेदनपत्रमा नै स्वीकार गरेको देखिन्छ । साथै निवेदकले निज पुनरावेदिका शान्ति श्रेष्ठ अध्यक्ष रहेको नेपाल महिला तथा बाल सेवा समाजको लागि प्राप्त भएको रकम हिनामिना गरेको हुँदा सोबाट बच्न झूट्ठा मुद्दा चलाएको भन्ने पनि पुनरावेदनपत्रमा उल्लेख भएको पाइन्छ । पुनरावेदिकाको रकम प्रत्यर्थी निवेदकले हिनामिना गरेको अवस्था रहेको भए कानूनबमोजिमको कारवाही प्रारम्भ गरी रकम असूलउपर गराउनेतर्फ क्रियाशील हुनु कानूनसम्मत् हुन्छ । अझ महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थालाई विदेशी दाताले दिएको रकम कोही कसैले दुरूपयोग गरेको भए त्यस्तो कार्य दण्डनीय हुन सक्दछ । सोतर्फ प्रस्तुत मुद्दाबाट केही बोलिरहनु पर्ने नदेखिँने ।

फौजदारी कसूरका सम्बन्धमा कानूनबमोजिम अनुसन्धान तहकीकात गर्ने अधिकार प्रहरीलाई हुने देखिए तापनि आर्थिक कारोवारको विषयलाई लिएर व्यक्ति विशेषलाई धरपकड गर्ने, लेनदेनको कागज गराउने, जबर्जस्ती रकम असूल गर्ने गराउने क्षेत्राधिकार प्रहरी कार्यालयलाई हुने देखिँदैन । आफूलाई क्षेत्राधिकार नै नभएको विषयमा धरपकड गर्ने, कागज

गराउनेलगायतका कामकारवाही प्रहरीलगायत कोही कसैबाट हुने कुरा कानूनसम्मत् मान्न नसकिने ।
इजलास अधिकृतः नारायण सुवेदी
इति संवत् २०६८ साल भदौ ३० गते रोज ६ शुभम् ।

८

**स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री गिरीश चन्द्र लाल,** दे.पु.नं. ०६७-CI-१३०६, निषेधाज्ञा, *लक्ष्मीबाबा प्रजापति वि. कालु नेपाली*

पुनरावेदकको कि.नं. २४६ को घर जग्गा प्रत्यर्थीले जवर्जस्ती कब्जा खिचोला गरी घर बनाई बाटो निकास थुनेको हो होइन भन्ने सम्बन्धमा निजहरू बीच काठमाडौं जिल्ला अदालतमा चलिरहेको खिचोला मुद्दाबाट सबूद प्रमाणको मूल्याङ्कन गरी निरोपण हुनुपर्ने देखिएकोले प्रस्तुत निषेधाज्ञा मुद्दाबाट मातहत अदालतमा विचाराधीन मुद्दामा असर पर्ने गरी बोल्न मिल्ने अवस्था देखिन नआएकोले निवेदन खारेज गरेको पुनरावेदन अदालतको निर्णय अन्यथा देखिन नआउने ।
इजलास अधिकृतः नारायण सुवेदी
इति संवत् २०६८ साल भदौ ३० गते रोज ६ शुभम् ।

९

**स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रकाश वस्ती,** रिट नं. २०६८-WO-०००७, उत्प्रेषणयुक्त परमादेश, *विराट सिँह भण्डारी वि. राजश्व अनुसन्धान विभाग, हरिहर भवन समेत*

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा १३ मा सो ऐनअन्तर्गतको कसूरका सम्बन्धमा उजूरी लिने तथा दफा १४ बमोजिमको अनुसन्धान तथा तहकीकात गर्ने अधिकार ऐनको दफा ११ को उपदफा (१) बमोजिमको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट हुने र त्यस्तो विभागको स्थापना नभएसम्म सो कार्य गर्नको लागि सोही उपदफा (४) बमोजिम नेपाल सरकारले कुनै निकायलाई तोक्न सक्ने देखिन्छ । निवेदकउपर परेको उजूरीको अनुसन्धान गर्ने अवस्थामा उपरोक्त दफा ११(१) बमोजिमको विभाग स्थापना भैसकेको नहुँदा प्रत्यर्थी राजश्व अनुसन्धान विभागलाई सो जिम्मेवारी तोकिएको देखिन आउँछ । ऐनको दफा १५ मा अनुसन्धान अधिकृत तोक्ने व्यवस्था रहेको देखिन्छ भने दफा १९ मा अनुसन्धान तथा तहकीकातको क्रममा कारोवार वा खाता रोक्का राख्न सक्ने कानूनी व्यवस्था रहेको पाइने ।

यस प्रकार प्रचलित कानूनबमोजिम निवेदकउपर अनुसन्धान तहकीकात शुरू भई सोही क्रममा निजको बैंक खाता रोक्का राख्न लेखिएको र इजलाससमक्ष प्रस्तुत फायलबाट अनुसन्धानको क्रम जारी नै रहेको भन्ने देखिन आएकोले अनुसन्धान तहकीकातमा असर पर्न जाने गरी रिट क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने ।
इजलास अधिकृतः नारायण सुवेदी
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६८ असोज १० गते रोज ३ शुभम् ।

१०

**स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रकाश वस्ती,** रिट नं. २०६७-WO-०३८६, उत्प्रेषण समेत, *गौरीशंकर रेग्मी वि. परराष्ट्र मन्त्रालय समेत*

निवेदकले निजलाई गरिएको सरूवा, सरूवा गर्दाका बखत गैरकानूनी थियो भन्न नसकेको र त्यस्तो भन्न सक्ने आधार र अवस्था समेत देखिँदैन । निवेदकको सरूवा निर्णय विवादरहित भई अन्तिम रूपमा रहेको देखिन्छ । यस्तो स्थितिमा मिति २०६७।५।३० मा उनाउ व्यक्तिलाई गरिएको सरूवा सम्बन्धमा आपत्ति गर्ने अधिकार निवेदकलाई नहुने ।

खासगरी विदेशस्थित नियोगमा काम गर्ने अवसर सम्बन्धित सेवा समूहमा कार्यरत् सबै कर्मचारीले समानुपातिक रूपमा पाऊन भन्ने उद्देश्यसाथ नियम र नीतिगत रूपमा गरिएको यस्तो व्यवस्थाहरूलाई न्यायोचित नै मान्न पर्ने ।

निवेदक वासिङटन डि.सी.स्थित नेपाल राजदूतावासमा कार्यरत् रहँदारहँदै मिति २०६४।११।२१ को निर्णयले निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ बमोजिम शाखा अधिकृत पदमा बढुवा भएको हुँदा त्यसरी बढुवा भएपछि पुनः चार वर्षको कार्यावधि त्यस्तो नियोगमा कार्यरत् रहन पाउनु पर्ने वा मन्त्रालयमा २४घ१ अन्तर्गतको विशेष दरबन्दी नभएसम्म अनन्तकालसम्म नियोगमा नै कार्यरत् रहन पाउनु पर्ने भन्ने उचित र कानूनसम्मत् नदेखिने ।
इजलास अधिकृतः नारायण सुवेदी
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६८ असोज १० गते रोज ३ शुभम् ।

११

**स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री तर्कराज भट्ट,** फौ.पु.नं. ०६४-CR-०७६५, डाँका, *नेपाल सरकार वि. मिनुलाल सरदार समेत*

जाहेरी र जाहेरवालाको बकपत्र हेर्दा हातहतियारले सुसज्जित २०।२५ जना व्यक्तिले विभिन्न धनमाल डाँका गरी लगेको भन्ने उल्लेख गरेको देखिए तापनि उक्त व्यक्तिहरूको हुलिया र नामनामेशी खुलाउन सकेको पाइँदैन । अभियोगपत्रमा जाहेरी दरखास्तको सोही व्यहोरालाई मुख्य आधार मानी २०।२५ जनाको समूहले डाँका गरेको भन्ने उल्लेखन गरेको पाइए तापनि जम्मा तीनजना प्रतिवादीहरू उपर मात्र दावी पेश गरेको देखिन्छ । सो बाहेक वारदातमा संलग्न अन्य व्यक्तिहरूको नाम, थर, वतन हुलिया खुलाउन सकेको देखिँदैन । यस्तो स्थितिमा वादी पक्षले अभियोग पत्रमा जे जुन व्यक्तिलाई प्रतिवादी बनाएको हो उनीहरू नै वारदातमा संलग्न रहेको मान्नुपर्ने हुँदा दावी नै लिन नसकेका व्यक्तिहरू समेत संलग्न भई वारदात घटाएको होला भनी अदालतले अनुमानको भरमा कसूर ठहर गर्न नमिल्ने ।

इजलास अधिकृतः नारायण सुवेदी

इति संवत् २०६८ साल कात्तिक ६ गते रोज १ शुभम् ।

१२

**स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री तर्कराज भट्ट,** फौ.पु.नं. ०६४-CR-०७६६, जवर्जस्ती करणी, *नेपाल सरकार वि.दीपेश मास्के*

मिसिल संलग्न जाहेरी दरखास्तलगायतका सबूद प्रमाणबाट प्रस्तुत मुद्दाको अनुसन्धान तहकीकातबाट जवर्जस्ती करणी भएको भन्ने नदेखिई जवर्जस्ती करणी उद्योगको वारदातसम्म भएको भन्ने देखिन आएको छ । साथै पीडितको शारीरिक परीक्षण नभएको हुँदा ठोस र वस्तुनिष्ठ सबूद प्रमाणबाट जवर्जस्ती करणी भएको भनी मान्न मिल्ने देखिँदैन । वादी पक्षले गरेको अनुसन्धान तहकीकातको क्रममा संकलित सबूद प्रमाणहरूबाट जवर्जस्ती करणी उद्योगको वारदात भएको भन्ने देखिइरहेकोमा सोको विपरीत हुने गरी जवर्जस्ती करणीतर्फ अभियोग लिएकै भरमा कसूर ठहर गर्न नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल कात्तिक ६ गते रोज १ शुभम् ।

१३

**स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६२ सालको फौ.पु.नं. ३०८७, ३२३८, भ्रष्टाचार, *सुनीलकुमार प्याकुरेल वि. नेपाल सरकार, सुरेशराज बराल वि. नेपाल सरकार*

साविक ऐन, बहाल रहँदाको अवस्थामा वारदात भएको र मुद्दा चलाउँदा उक्त ऐन खारेज भई नयाँ भ्रष्टाचार ऐन आएको स्थितिमा अभियोजन पक्षले दुबै ऐनबमोजिमको दावी लिएको देखिए पनि विशेष अदालतबाट वारदात हुँदा बहाल रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम नै कारवाही र सजाय गरेको देखिन्छ । वस्तुतः जुन समयमा वारदात भएको छ सोही समयमा बहाल रहेको कानूनबमोजिम कारवाही चलाई सजाय गर्नुपर्ने ।

प्रतिवादीहरूउपर बैंक भौचरमा उल्लिखित वास्तविक रकमभन्दा बढी अर्थात् सच्याइएको भौचरको आधारमा विजक पास गरी बढी मूल्यको पेट्रोलियम पदार्थ भुक्तानी दिई सरकारको पूर्ण स्वामित्वमा रहेको नेपाल आयल निगमको सम्पत्ति हानि नोक्सानी गरी भ्रष्टाचार गरेको भन्ने आरोप रहेको परिप्रेक्ष्यमा उक्त ऐनको दफा २४क बमोजिम जहिलेसुकै पनि भ्रष्टाचार मुद्दा दायर हुन सक्ने देखिएकोले अवकाश भएको एकवर्ष पछि दायर भएको भन्ने असान्दर्भिक जिकीरको आधारमा प्रस्तुत मुद्दा हदम्याद नघाई परेको भन्न नमिल्ने ।

इजलास अधिकृतः नारायण सुवेदी

इति संवत् २०६८ साल असोज ४ गते रोज ४ शुभम् ।

१४

**का.मु स.प्र.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री तर्कराज भट्ट,** २०६४ सालको दे.पु.नं. ०७१३, हक कायम नक्सा पास, *लक्ष्मीदेवी शाक्य वि. पुष्परत्न शाक्य*

सर्वे नापी हुँदाका बखत बाटो भनी नजनिएको अवस्थामा आफू मात्र संलग्न भएको प्रतिवादी संलग्न भएको वा निजको मञ्जूरी भएको लिखत प्रमाण बिनाको कागजातले कसैको निजी जग्गामा बाटो छ भन्ने दावी जिकीर लिनु मुनासिब देखिन आउँदैन । यसका लागि प्रतिवादीको बाटो रहेको भन्ने विषयमा संलग्नता वा मञ्जूरी देखिनै पर्ने ।

प्रतिवादी के कति फीटको बाटो हो भन्ने कुरामा आफैं भ्रममा परी स्पष्ट हुन सकेको देखिँदैन । विवादित बाटाकै वास्तविक अवलोकन गरी हेर्दा भै आएको नक्सामा गोरेटो बाटोसम्म रहेको देखिन्छ । सो बाटो ८ फीटको भन्ने देखिँदैन । मालपोत कार्यालयले कि.नं. १४५८ र कि.नं. १४५९ को जग्गा ट्रायल चेक गर्ने पत्र नापी शाखामा लेखी पठाउँदा सो कि.नं. १४५९ को बीचमा (...) डट लाइन देखिएको, सो डटलाइनभन्दा पूर्व र पश्चिम समेतको जग्गा कि.नं. १४५९ को देखिने । साथै कि.नं. १४५८ को जग्गा ट्रायल चेक गर्दा डटलाइनभन्दा पूर्वको जग्गा बाहेक नै पुग्ने देखिएबाट विवादको कि.नं. १४५९ को जग्गाको पूर्वतर्फ सर्वे नक्सा, अदालतबाट भई आएको नक्सा तथा मिसिल संलग्न पेश भएका अन्य प्रमाणका आधारमा बाटो रहे भएको नदेखिएकोले विवादको न.नं. १२ को जग्गालाई साझा बाटो कायम गरिपाऊँ भन्ने वादीको दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः खड्गराज अधिकारी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल जेठ ३० गते रोज २ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री प्रेम शर्मा,** २०६६ सालको फौ.पु.नं. ०६६-CR-०२५१, ०६६-CR-०८२८, भ्रष्टाचार (सीमकार्ड हिनामिना), *नेपाल सरकार वि. साधुराम थापा, साधुराम थापा वि. नेपाल सरकार*

अभिलेखमा जनिएर मात्र सम्बन्धित निवेदकलाई वितरण हुने प्रकृतिको वस्तुको यी प्रतिवादीले यो यसरी हिनामिना हानि नोक्सानी वा दुरूपयोग गरेको वा मासेको भन्ने वस्तुनिष्ठ सबूद प्रमाण वादी पक्षबाट प्रस्तुत हुन सकेको देखिँदैन । यस्तो अवस्थामा ४७७ थान सि.डि.एम.ए. रीमकार्ड र १५५ थान सीमकार्ड हिनामिना गरेको भन्ने अभियोग दावीकै भरमा प्रतिवादीलाई कसूरदार ठहऱ्याउन न्यायसंगत् हुन नआउने ।

कार्यालय प्रमुख वा अधिकारप्राप्त अधिकारीले लिखित आदेश (माग फाराम स्वीकृत आदेश) बिना कसैलाई प्लाष्टिक मनी दिनु भनेको दिनेको आफ्नो जिम्माको र व्यक्तिगत कुरा हो । कार्यालय प्रमुखको मौखिक आदेशमा दिएको हुँ भनी आफ्नो जिम्माको नगद सरहको वस्तु दिनु र सोको रकम जम्मा नगर्नु निजकै दोष हुने भएकोले यस्तो आधारमा निजले दायित्वबाट छुटकारा पाउने देखिन्न । यदि स्टोरमा काम गर्दा अप्ठेरो स्थिति आएको भए सो विरूद्ध आधिकारिक व्यक्ति वा निकायमा उजूर गर्नुपर्नेमा सो समेत गरेको भन्न सकेको छैन । यसैगरी प्रतिवादीले सोही कार्यालयका नानीराम आचार्य समेतले रजिष्टरमा लेखी रिचार्ज कार्डहरू लगेको माग फाराम दिएनन् भनी उल्लेख गरे तापनि ती व्यक्तिहरूले आफूले लगेको रिचार्ज कार्डको पैसा बुझाएको, माग फाराम समेत बुझाएको बुझाउन बाँकी छैन भनी अधिकारप्राप्त अधिकारी एवं अदालतमा समेत बयान तथा बकपत्र गरेको अवस्था छ । साथै प्रतिवादीले आरोप लगाएका व्यक्तिहरूलाई बिना माग फाराम बुझाएका कार्डहरूको कुनै भरपाई समेत पेश गर्न सकेको समेत देखिदैन । यस्तोमा स्टोरमा नपुग कार्डहरूप्रति पुनरावेदक प्रतिवादी नै जिम्मेवार रहेको मान्नु पर्ने ।

आफ्नो जिम्मामा प्राप्त भएको प्लाष्टिक मनी कसैलाई दिँदा कार्यालय प्रमुख वा आधिकारिक व्यक्तिहरूको लिखित अनुमति बिना दिन हुँदैन भन्ने विषयमा पुनरावेदक जानकार रहेको देखिन्छ । यस्तो अवस्थामा समेत कसैले आग्रह गरेका भरमा वा कार्यालय प्रमुखको मौखिक आदेशका आधारमा आफूले वहन गर्नुपर्ने त्यत्रोविधि कार्डहरू सहजै दिएको भन्नु कार्यालयको दैनिक कार्य सञ्चालन नीति नियमविपरीत रहेको स्पष्ट छ । कार्डहरू लेजरमा, टिपोट कपीमा रजिष्टरमा टिपोट गरेर दिएको आफू नहुँदा सहायक ढकबहादुर तथा नानीरामले समेत माग फारम बिना दिए होलान् भन्ने बयान गर्नुले समेत प्रतिवादीबाट हदैसम्मको लापरवाहीपूर्ण कार्य भए गरेको देखिन्छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १० मा लापरवाही गरी संस्थानलाई नोक्सान पुऱ्याए पनि भ्रष्टाचारको कसूर कायम हुने व्यवस्था रहेको देखिएको र यी पुनरावेदकको कार्य लापरवाहीपूर्ण रहेको पुष्टि भएकोले त्यस्तो कार्यलाई भ्रष्टाचारको कसूर होइन भन्न नमिल्ने ।

इजलास अधिकृतः खड्गराज अधिकारी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६७ साल मंसिर १४ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको रि.नं. ०६५-WO-०९३७, उत्प्रेषण, *दलबहादुर शाही वि. जीतबहादुर राना समेत*

प्रस्तुत रिट दिवेदन दर्ता हुनु अगावै मिति २०६०।५।२५ र मिति २०६२।९।८ मा जग्गा विवाद समाधान उपसमितिको बैठक बसेको देखिन्छ । उक्त बैठकहरूमा यी रिट निवेदकको समेत उपस्थिति रहेको र सो उपस्थिति बैठकले रिट निवेदकले दावी गरेका जग्गामध्ये केही रिट दिवेदकको नाउँमा कायम राख्ने र केही जग्गा अन्य व्यक्तिलाई वितरण गर्ने कार्यमा निजको सहमति जनाएको देखिएबाट रिट निवेदकले प्रस्तुत रिट निवेदन दायर गर्नु अगावै मिति २०६०।५।२५ र २०६२।९।८ मा समेत नगर विकास समितिको विवाद समाधान समितिको निर्णय बैठकमा सहभागी भै गरिएको निर्णयलाई सहर्ष स्वीकार गरेको एकातर्फ देखिन्छ भने अर्कोतर्फ प्रस्तुत रिट निवेदन दायर भएपश्चात् मिति २०६६।१२।२५ मा समेत अन्य विपक्षीहरूसँग जग्गा लिनुदिनु गरी समस्याको समाधान गर्न आफै सक्रिय भै विवादको समेत समाधान भएको देखिएको छ । यस्तो अवस्थामा सुर्खेत उपत्यका नगर विकास समितिको मिति २०६५।३।३० को निर्णय तथा सो निर्णयबमोजिम भएका अन्य कारवाही बदर गर्नु नपर्ने ।

इजलास अधिकृतः खड्गराज अधिकारी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल चैत १७ गते रोज ५ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६६ सालको विविध फौ.नं. ०६५-MS-००२३, अदालतको अपहेलना, *दलबहादुर शाही वि. जीतबहादुर राना समेत*
- २०६६ सालको विविध फौ.नं. ०६५-MS-००२४, अदालतको अपहेलना, *दलबहादुर शाही वि. जीतबहादुर राना समेत*

३

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको फौ.पु.नं. ०६५-CI-०५९५, लेनदेन, *दलबहादुर विष्ट वि. किशनलाल जैसी*

लिखतमा स्पष्टरूपबाट कर्जा लिएको शब्द पर्नुबाट कर्जा लेनदेनको लिखत बाहेक अन्य बैनाको वा करारको कागज हो भनी अन्यथा अलमल गर्नुपर्ने देखिन आएन । कर्जा लिएको लिखत गर्दा सो बापत जग्गा भोग गर्नु र नापीमा नामसारी गर्नु भनी उल्लेख भएकै कारण कर्जाको स्वरूपलाई करार वा बैंनाको हैसियतमा परिणत गर्न नमिल्ने ।

कर्जा लिखतमा उल्लेख गरेको सम्पत्ति भोग वा नामसारी गर्न नपाएको अवस्थामा सो लिखतअनुरूपको रकम धनीले दावी गर्न पाउने नै हुन्छ । यसरी कर्जाको लिखत खडा भएको रकम लिनेदिने काम भएको र सोबापत सम्पत्ति भोग गर्ने नामसारी गर्ने कुरा परेको अवस्थामा कपाली तमसुक भन्ने शब्द नपरेकै कारणले मात्र यस्तो कागजलाई कपाली होइन भन्न मिलेन । लिखत व्यहोरा र प्रकृतिबाट नै कपाली लिखत देखिन आयो । सोअनुरूपको रकम दावी गर्ने कुरा कपाली सरह नै हुने ।

इजलास अधिकृतः खड्गराज अधिकारी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६७ साल फागुन १९ गते रोज ५ शुभम् ।

४

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री तर्कराज भट्ट,** २०६३ सालको फौ.पु.नं. ०६५-CR-०३९४, लागू औषध(गाँजा), *नेपाल सरकार वि. जोखु नुनिया समेत*

जुन व्यक्तिबाट गाँजा बरामद भएको छ, सो व्यक्तिले सफाइ पाएको कुरामा वादी नेपाल सरकारले चित्त बुझाई बस्दछ, केवल फरारी प्रतिवादी फरार भएकै नाताले आरोपित कसूरदार हुन् भन्ने अनुमान गर्न फौजदारी न्यायका मान्य सिद्धान्तले समेत मिल्ने नदेखिँदा सहअभियुक्तको अनुसन्धान अधिकारीसमक्षको पोलको आधारमा मात्र प्रतिवादीहरूले कसूर अपराध गरेको भनी ठहर गर्नु न्यायोचित नदेखिँने ।

इजलास अधिकृतः खड्गराज अधिकारी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल बैशाख ६ गते रोज ३ शुभम् ।

५

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कमलनारायण दास,** २०६४ सालको दे.पु.नं. ०६४-CI-००९०, लिखत बदर, *धर्मसागर तुलाधर वि. रेखा राजेश्वरी राणा समेत*

कम्पनीको नामबाट मुद्दा गर्न वादीले उल्लेख गरेको अ.बं. ८२ नं. बमोजिम होटलको हक भएको जग्गा अन्यत्र हक हस्तान्तरण भएको कार्य बदर गराउन होटल नै अग्रसर हुनुपर्ने देखिन्छ । होटल, कम्पनी ऐन, २०२१ बमोजिम स्थापना भएको कानूनी व्यक्ति भएकोले होटल आफैंले मुद्दा गर्न नसके तापनि कम्पनी ऐन, २०२१ को दफा ७ मा उल्लिखित कानूनी व्यवस्थाअनुसार भए गरेको देखिनु नै पर्ने अनिवार्य शर्त रहेको प्रस्तुत मुद्दामा पुनरावेदक वादीले आफू कम्पनीको अध्यक्ष भएको नाताले फिराद गरेको भन्ने दावी जिकीर लिए तापनि सो पुष्टि गर्ने ठोस एवं भरपर्दो कानूनबमोजिम सबूद प्रमाण पेश गर्न सकेको देखिँदैन । केवल र.नं. ३४८३ मिति २०३२।१०।१४ को पारीत लिखतमा कम्पनीको अध्यक्ष भन्ने उल्लेख भएकैबाट अन्य मुद्दाहरूमा समेत अध्यक्षको हैसियतले मुद्दा मामिला गर्न अख्तियार दिएको भन्न मिल्दैन । उक्त लिखतको अध्ययनबाट उक्त लिखत रजिष्ट्रेशन गर्ने प्रयोजनका निमित्त मात्र अध्यक्षलाई अख्तियारी दिएको देखिन्छ । यो व्यहोरा उल्लेख भएको कुराले कम्पनी ऐन, २०२१ जस्तो विशेष ऐनमा व्यवस्थित कानूनी प्रावधानलाई प्रभावहीन तुल्याउन सक्दैन । कम्पनी ऐन, विशेष ऐन हो । विशेष ऐनमा उल्लेख भएको कार्यविधिको अवलम्बन सोही ऐनले निर्दिष्ट गरेको प्रक्रियाअनुरूप सम्पन्न गर्नुपर्ने हुन्छ । यस्तो विशेष व्यवस्थालाई सामान्य कामकारोवारमा उल्लेख भएको व्यहोराले परास्त गर्न नसक्ने ।

प्रतिवादी रोमियो शम्शेर राणाले विवादको कि.नं. १०३ को २-१५-१-२ र कि.नं. २४९ को २-७-१-३ जग्गा होटल गौरीशंकरको तर्फबाट अख्तियारीप्राप्त गरी कम्पनी ऐन, २०२१ को ७ मा उल्लेख भएको व्यवस्थाबमोजिमको रीत पुऱ्याई प्रतिवादी रेखाराजेश्वरी राणालाई र.नं. १०९९४(क) मिति २०४९।१।११ मा राजीनामा लिखत गरिदिएको देखियो । यस अदालतबाट मिति २०६४।३।२७ मा निस्सा प्रदान हुँदा उल्लिखित भएको आदेश व्यहोरा मिति २०३२।१०।१२ मा तयार भै मिति २०३२।१०।१४ मा रजिष्ट्रेशन पारित भएको लिखतको समग्र अध्ययन गर्दा निस्कने निष्कर्षअरूप भएको नदेखिँदा कानूनअनुसार संगठित कानूनी व्यक्तिको अधिकारप्राप्त सञ्चालक समितिबाट निर्णय गरी दिएको अख्तियारीअन्तर्गत कम्पनीको सम्पत्तिउपरको हक छाडेको देखिएको हुनाले वादी दावीबमोजिम लिखत बदर हुन नसक्ने ।

इजलास अधिकृतः खड्गराज अधिकारी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल जेठ १८ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६४ सालको दे.पु.नं. २०६४-CI-००८५, ००९२, मिलापत्र बदर, *पारश शम्सेर ज.व.रा. समेत वि. रेखाराजेश्वरी राणा, धर्मसागर तुलाधर वि. रेखाराजेश्वरी राणा*
- २०६४ सालको दे.पु.नं. २०६४-CI-००८६, ००९१, मिलापत्र बदर, *पारश शम्सेर ज.व.रा. समेत वि. रोमियो शम्सेर ज.ब.रा., धर्मसागर तुलाधर वि. रोमियो शम्सेर ज.ब.रा.*
- २०६४ सालको दे.पु.नं. २०६४-CI-००८७, फैसला बदर, *पारश शम्सेर ज.व.रा. समेत वि. रेखाराजेश्वरी राणा*
- २०६४ सालको दे.पु.नं. २०६४-CI-००८८, निर्णय बदर, *पारश शम्सेर ज.व.रा. समेत वि. रेखाराजेश्वरी राणा,*
- २०६४ सालको दे.पु.नं. २०६४-CI-००८९, फैसला बदर, *पारश शम्सेर ज.व.रा. समेत वि. रोमियो शम्सेर ज.ब.रा.*
- २०६४ सालको दु.फौ.पु.नं. २०६४-CR-००९०, जालसाजी, *धर्मसागर तुलाधर वि. रेखा राजेश्वरी राणा समेत*

६

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कमलनारायण दास,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०३९३, अंश, *कृष्ण भट्टराई समेत वि. ईश्वरा भट्टराई (खत्री)*

वादी र प्रतिवादीबीच रक्त सम्बन्ध रहे नरहेको विषयमा यकीन गर्न दुबै पक्षको DNA परीक्षण हुनु आवश्यक मानिन्छ । यस विषयलाई पुनरावेदक प्रतिवादीले अग्रसर भई आदेशको कार्यान्वयनमा सहजता हुन मद्दत गरेको देखिँदैन । अदालतबाट भएको आदेश सहज रूपमा कार्यान्वयन गर्न DNA र रक्त

समूह जाँचको सन्दर्भ जिकीर लिने पुनरावेदक प्रतिवादीले मद्दत पुऱ्याउनुपर्नेमा सोको विपरीत प्रतिवादी यस अदालतबाट तोकिएको मिति २०६६।१२।२४ गतेको तारेख गुजारी बसेको र कानूनले थाम्ने थमाउने अवधि समेत व्यतीत भएको समेत देखियो । यस्तो अवस्थामा निस्सा प्रदान हुँदा उल्लेख भएका आदेशको कार्यान्वयन हुन सकेको नदेखिँदा वादी प्रतिवादीको रक्त समूह र DNA परीक्षण गरी वादीबाट जन्मेको बच्चाको वंशाणुगत गुण यकीन हुन सक्ने स्थिति देखिएन । जुन कुरामा जुन पक्षले जिकीर लिएको छ त्यसलाई सम्बद्ध पक्षले गर्न नसकेमा वा नखोजेमा सो कुरा निजकै विरूद्ध प्रमाण लाग्नु स्वाभाविक हो । यस बाहेक वादी प्रतिवादीबीच नाता सम्बन्ध कायम हुने आधार भनेको वादीको फिराद लेख, वादीको अ.बं. ८० नं.बमोजिम भएको बयान र सोलाई समर्थन गरी वादीको साक्षीको बकपत्र तथा अन्यथा प्रमाणित नभई जातक नै हो । प्रतिवादीले वादीबाट जन्मेको सन्तान निज प्रतिवादीको वीर्यबाट नजन्मेको भए एकै गाउँठाउँका प्रतिवादीले यसबाट जन्मेको भनी लेखाउन सक्नु पर्ने हो । तर, त्यसतर्फ गैर व्यक्तिका सन्तान हुनसक्ने शंकासम्म पनि व्यक्त गर्न सकेको पाइदैन । हाम्रो हिन्दूधर्म संस्कृति अवलम्बन गरिआएको समाजमा एउटा नारीले बिनाकारण, आधार जो कोहीलाई आफ्नो पति, सासू, समेत भन्दै न्याय माग्ने कार्यलाई स्वाभाविक रूपमा लिइँदैन । एउटी महिलाले प्रतिवादी कृष्ण भट्टराईसँग पटक-पटक यौन सम्पर्क भएको कारणले गर्भ रहन गएको, बच्चा जन्मन गएको भन्ने कुरा होइन भन्ने तथ्ययुक्त ठोस सबूद प्रमाण प्रतिवादीबाट गुज्रन आएको नदेखिएबाट र यिनै प्रतिवादी (वादी) र प्रत्यर्थी वादी (प्रतिवादी) भएको संवत् २०५८ सालको वि.फौ.नं. ३४ को गाली बेइज्जती मुद्दामा प्रतिवादीले वादीलाई लोग्ने नाताको व्यक्ति हुन् भन्ने विषय गाली बेइज्जतीपूर्ण कार्य भयो भन्ने वादी कृष्ण भट्टराईको दावी पुग्न नसक्ने ठहऱ्याएको फैसलामा वादीले चित्त बुझाई पुनरावेदन नगरी बसेको र सो मुद्दा अन्तिम भएको छ । मुद्दा मामिलाको रोहमा अदालतको फैसला सम्बन्धित पक्षलाई बन्धनकारी हुन्छ । फैसला मान्दिन भन्न कसैले पाउँदैन । फैसलाउपर चित्त नबुझे कानूनबमोजिम गरी बदर गराउन सक्नुपर्छ । फैसला मान्नै पर्ने कानूनी अपरिहार्यता हो । यसर्थ, यस अदालतबाट निस्सा हुँदा उल्लेख भएका आदेश व्यहोराको कार्यान्वयन गर्न अदालतलाई मद्दत पुऱ्याउनु पर्ने दायित्व पुनरावेदक प्रतिवादीको हुनेमा अदालतबाट तोकिएको तारेख गुजारी बसेका समेत देखिएको हुँदा प्रतिवादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६७ साल चैत १४ गते रोज २ शुभम् ।

७

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कमलनारायण दास,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०३९२, अंश मानाचामल, *श्यामलाल भट्टराई समेत वि. ईश्वरा भट्टराई (खत्री) समेत*

अंश मुद्दामा पुनरावेदन अदालतबाट प्रस्तुत मुद्दाको प्रत्यर्थी वादी पुनरावेदक प्रतिवादीको अंशियारा कायम हुने भई अंश पाउने भई अंश पाउने ठहर फैसलालाई सदर कायम हुने गरी आज यस इजलासबाट निर्णय भएको छ । उक्त मुद्दामा उल्लिखित बुँदा प्रमाण समेतका आधारमा १० (दश) महिनाको नाबालक छोरा फारामबहादुरको संरक्षकको हैसियले जन्मदिने आमालाई छोराका तर्फबाट अंश मुद्दा दायर गर्न ल्याउँदा अदालतले सहज रूपमा फिराद स्वीकार गरी दर्ता समेत भैसकेको कारणबाट मुद्दाको कारवाही र निर्णय गर्न कुनै कानूनले बाधा नपर्ने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६७ साल चैत १४ गते रोज २ शुभम् ।

८

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कमलनारायण दास,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०८८८, जग्गा खिचोला चलन, *रामप्रसाद धनिकार समेत वि. बालेश्वर महरा चमार*

प्रस्तुत मुद्दामा उही वादीले, उही जग्गामा उही मितिमा पहिला प्रतिवादीका बाबु सुट्टा धनिकारले खिचोला गरे भन्ने नालेस अ.बं. ९२ नं. बमोजिम खारेज भैसकेपश्चात् यी प्रतिवादीउपर एक वारदातको विषयलाई लिएर प्रस्तुत मुद्दा दायर गरेको देखिँदा वादीको यस्तो कार्य उल्लिखित अ.बं. ८५ नं. को

विपरीत भएकै मान्नुपर्ने हुन्छ। केवल पहिला एक व्यक्ति प्रतिवादी थिए अहिले अर्कै व्यक्ति प्रतिवादी छन् भन्ने आधारमा मात्र एकै जग्गाको एकै मितिको वारदातको विषयलाई आधार मानी दोहोरो नालेस सुन्न उक्त अ.बं. ८५ नं. ले मिल्ने नदेखिने।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६७ साल चैत १४ गते रोज २ शुभम्।

९

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कमलनारायण दास,** २०६२ सालको दे.पु.नं. ०६२-CI-०८३१२, नक्साबमोजिम बाटो छुट्टयाई खिचोला मेटाई चलन चलाई पाऊँ, *वंशबहादुर यादव वि. शम्भु यादव*

अदालतको आदेशानुसार मिति २०५७।९।२२ मा सम्पन्न भइआएको नक्सा मुचुल्कामा न.नं. ४ बाटो रहेको, न.नं. ४/१ निर्विवाद बाटो देखिएको, नक्सा नं. ५, ६ र न.नं. ८ मा विवाद जनाए पनि नक्सा नं. ४ सर्वे नक्साअनुरूपको सडक बाटो रहेको हुँदा सो जग्गा वादीको कि.नं. २९१ को जग्गामा नपर्ने स्पष्ट छ नक्सा नं. ६ को जग्गा नक्सा ट्रेसअनुसारको बाटो भएको हुँदा सोभन्दा उत्तर न.नं. ५ को जग्गा पुनरावेदक वादीले मेरो कि.नं. २३६ को जग्गा हो भनी दावी लिएको देखिन्छ। यसतर्फ हेर्दा सर्वे नक्सामा देखिएका कि.नं. २३६ को जग्गा र कि.नं. २९१ को जग्गा बीचको बाटोको रेखाङ्कन र भइआएको न.नं. ६ को बाटोको रेखाङ्कन हेर्दा प्रथम दृष्टिमै समान नदेखिएको हुँदा वादीको उक्त जिकीर युक्तिसँगत नदेखिने।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ साल चैत १४ गते रोज २ शुभम्।

१०

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कमलनारायण दास,** २०६२ सालको दे.पु.नं. ०६२-CI-०८३१४, किल्ला आदेश र नक्सा बदर गरिपाऊँ, *वंशबहादुर यादव वि. शम्भु यादव समेत*

प्रस्तुत मुद्दाका यिनै प्रतिवादी वंशबहादुरले कोमलप्रसादउपर अंश मुद्दाको २०४४ सालमा फिराद दिँदा बण्डा गर्नुपर्ने सम्पत्तिको विवरणमा विभिन्न जग्गाहरू उल्लेख गर्नुका अतिरिक्त भैरहवा न.पा. वडा नं. ७ मा भएको घरवास जग्गामध्ये म बंशबहादुरका नामदर्ताको पूर्व रामचरण यादव, पश्चिम मोटर सडक, उत्तर आधी गल्ली दक्षिण अम्लीका भण्डारी यति चार किल्लाभित्रको ०-१-०³⁄४ जग्गा र सोही जग्गामा भएको भूईं तल्ले पक्की घर समेत मेरो भागमा परेको भन्ने उल्लेख गरेको देखिन्छ। निजले उक्त व्यहोरा उल्लेख गर्नुले विवादको घर जग्गा समुच्चै आफ्नो भन्ने नभै आधा हिस्सा मात्र आफ्नो रहेको कुरा स्वीकार गरेको देखियो। यस्तो अवस्थामा उत्तरतर्फ कृष्णबहादुर खातीको जग्गासम्म आफ्नो जग्गाको उत्तरी किल्ला पर्दछ भन्नु निज आफैंमा विवन्धित हुनु हो। किनभने निजले उक्त फिरादमा "भै.न.पा. वडा नं. ७ मा भएको घरवास जग्गामध्ये" भन्ने व्यहोराले मिति २०५५।३।२६ मा सम्पन्न भएको नक्साको न.नं. २९ सम्म दावी गर्न मिल्ने देखिँदैन। उक्त नक्सामा न.नं. २९/१ वादी प्रतिवादीको घर जग्गा बीचको साझा चेनलगेट रहेको देखिन्छ। यस तथ्यले मिति २०४५।१।२० को मिलापत्रबमोजिमको वंशबहादुर यादवको उत्तरी सीमा सोही न.नं. २९/१ लाई मान्नुपर्ने।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल जेठ २३ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६२ सालको दे.पु.नं.८३१३, किल्ला एवं सिफारिश तथा लगत स्रेस्ता दर्ता समेत बदर, *वंशबहादुर यादव वि. शम्भु यादव समेत*
- २०६२ सालको फौ.पु.नं. ०६२-CR-३४४१, कीर्ते जालसाज, *वंशबहादुर यादव वि. शम्भु यादव समेत*
- २०६२ सालको फौ.पु.नं. ०६२-CR-३४४२, जालसाज, *वंशबहादुर यादव वि. शम्भु यादव*

## इजलास नं. २

१

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६५ सालको CR-०६७०, विष्फोटक पदार्थ, *नेपाल सरकार वि. गुलाम हुसेन चिमा समेत*

अवैधरूपमा राखेको विष्फोटक पदार्थ बरामद भएको तथ्य स्थापित भएको देखिँदा उक्त बरामद विष्फोटक पदार्थ विष्फोटक पदार्थसम्बन्धी ऐन, २०१८ को दफा १०(१)(३) अनुसार हालसम्म नष्ट नभई बाँकी रहेको भए सम्बन्धित प्रहरी कार्यालय वा जिल्ला अदालतमा जहाँ रहेको भए पनि उक्त दफाबमोजिम स्वतः जफत भई नेपाल सरकारको हुन्छ । पुनरावेदन अदालतको फैसला जफत सम्बन्धमा नबोलिएको कारणले मात्र बरामद विष्फोटक पदार्थ जफत वा नष्ट नगरी यत्तिकै आम्दानी बाँधी राख्ने अवस्था नहुने ।

बरामद विष्फोटक पदार्थको हकमा विष्फोटक पदार्थसम्बन्धी ऐन, २०१८ को दफा १०(१)(३) अनुसार स्वतः जफत भई नेपाल सरकारको हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः बेदना+बिपना

इति संवत् २०६८ साउन १५ गते रोज १ शुभम् ।

२

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६५ सालको CR-०१७१, झूट्ठा विवरण दिई नागरिकता लिएको, *नेपाल सरकार वि. सुष्मा श्रेष्ठ समेत*

आफ्नो बाबु नभएको बाध्यात्मक अवस्थामा पालन पोषण गर्ने व्यक्ति आफ्नो मावलीतर्फको हजुरबुबाले बाबुको नामसम्बन्धी सामान्य तथ्य फरक पारी आफू बाबु बनी नागरिकताको सिफारिश गरी नागरिकता दिलाई दिएको र त्यसरी जानीजानी विवरण फरक पारी नागरिकता दिने दिलाउने व्यक्तिलाई सजाय हुने गरी पुनरावेदन अदालतबाट फैसला भइसकेको देखिन्छ । सो नागरिकता दिने दिलाउने कुरामा यी प्रतिवादी सुष्माको कुनै निर्णायक भूमिका रहेको देखिँदैन । तथ्य फरक परेको नागरिकता निजले स्वीकारसम्म गरेको देखिन्छ । तसर्थ निजले जानीजानी बद्नियतपूर्वक कुनै कार्य गरेको नदेखिएको त्यस्तो कार्यबाट कुनै गम्भीर परिणाम नभएको स्थितिमा नागरिकता लिँदाको अवस्था र कलिलो उमेर समेतलाई दृष्टिगत गर्दा निजलाई फौजदारी कसूर ठहर गरी सजाय गर्नु न्यायोचित नहुँदा सफाइ पाउने ।

कम्प्युटरः बेदना अधिकारी

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

इति संवत् २०६८ साल साउन १५ गते रोज १ शुभम् ।

३

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६७ सालको दे.पु.नं. ०६७-CI-०४४२, मोही लगत कट्टा, *जयनारायण यादव वि. तेजनारायण यादव*

मोही लगत कट्टा मुद्दा फैसला हुनुभन्दा अगावै वादीले खरीद गरिलिनुभन्दा अघिदेखि नै अर्थात् मिति २०६३।९।२६ देखि नै उक्त जग्गाको मोही म प्रतिवादी भैरहेको हुँदा मोही लगत कट्टा गर्न पाउने होइन भनी यी प्रतिवादीले भूमिसुधार कार्यालय, सप्तरीमा निवेदन दिएको देखिएकोले सो सम्बन्धमा समेत दुबै पक्षलाई सुनुवाइको मौका दिई २०६३।९।२६ मा मोही नामसारी भए नभएको के हो मोही नामसारी भैसकेको भए र यी दुई दाजुभाइबीच अंशबण्डा भै छुट्टी भिन्न भैसकेको भए सोहीबमोजिम र यी दुई दाजुभाइबीच अंशबण्डा भई छुट्टी भिन्न नभएको भए सोहीबमोजिम गरी विवादको निप्टारा एकैसाथ गर्नुपर्नेमा मोही लगत कट्टा गर्न पाउने होइन भन्ने प्रतिवादीको निवेदन सम्बन्धमा कुनै निर्णय नै नगरी मोही लगत कट्टा हुने गरी शुरू भूमिसुधार कार्यालय सप्तरीले गरेको मिति २०६५।४।२४ को निर्णय मिलेको नदेखिँदा बदर गरी विवादका दुबै पक्षलाई सुनुवाइको उचित मौका प्रदान गरी जे जो बुझ्नु पर्ने हो बुझी प्रस्तुत मुद्दाको पुनः निर्णय गर्नु भनी शुरू भूमिसुधार कार्यालय सप्तरीमा फिर्ता पठाउने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल बैशाख २३ गते रोज ६ शुभम् ।

४

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६६-WO-०७७७, उत्प्रेषण, परमादेश, *शिवबहादुर थापा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

२०४७ सालको संविधान लागू हुन पूर्व निवेदकहरूले २०३९ सालमा सेवाबाट अवकाश पाई निवृत्तिभरण लिई बसेकोमा विवाद छैन । नेपाल अधिराज्यको संविधान, २०४७ अनुसार सर्वोच्च अदालतमा नियुक्ति प्रयोजनार्थ मात्र निर्धारण गरिएको संवैधानिक मापदण्ड निवृत्तिभरण प्रयोजनका निमित्त अगाडि नै अवकाश पाइसकेका निवेदकहरूको हकमा

स्वतः लागू हुन पर्ने भन्ने निवेदन जिकीरमा संविधान र कानूनसम्मत् आधारहरू रहेको पाइएन । अतः नेपाल सरकारको निर्णयबाट निवेदकहरूको संविधान र कानूनद्वाराप्रदत्त हकमा आघात पुगेको नदेखिँदा मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

स्वतन्त्र न्यायपालिकाको अवधारणाअन्तर्गत सेवा गरिरहेका बखत राज्यबाट न्यायधीशहरूलाई प्रदान गरिएको सेवा शर्त सुरक्षा समेतका विषयमा आकृष्ट हुने प्रावधानहरूको मर्मविपरीत नहुने गरी न्यायाधीशहरूलाई अवकाशपछि पनि संविधान र कानूनमुताविक राज्यबाट प्रदान गरिने आधारभूत मान्यता रहेको छ । उक्त न्यायिक मान्यताको परिप्रेक्ष्यमा नयाँ संविधानले आत्मसात गरेको विषयमा पुरानो संविधानअनुसार काम गर्दाको आधार नै कुण्ठित हुने गरी नेपालको संविधान, २०१९ को संवैधानिक व्यवस्थाबमोजिम पुनरावेदकीय अधिकारक्षेत्र अन्तर्गत कार्यरत् रहेका निवेदकहरूलाई शुरू जिल्ला न्यायाधीश तहको हैसियत प्रदान गरी जिल्ला न्यायाधीश सरहको सुविधा राखी निवृत्तिभरण प्रदान गरिने सूचीमा राखी निवृत्तिभरण प्रदान गरिने कार्य अज्ञानतावस भएको भए पनि उचित मान्न मिल्ने देखिएन । अतः निवेदकहरूको कानूनबमोजिम प्राप्त गरिरहेको सेवा सुविधामा असर नपर्ने गरी निवृत्तिभरणको प्रयोजनार्थ दर्जा वर्गीकरणका सूचीको हकमा छुट्टै निर्णय हुन उपयुक्त हुनेहुँदा सो सम्बन्धमा सोहीअनुसार निर्णय वा व्यवस्था के गर्न पर्दछ गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल बैशाख ६ गते रोज ३ शुभम् ।

५

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६७ सालको दे.पु.नं. CI-००७१, अंश, *बनवारी बृजवासी समेत वि. सन्तोषी बृजवासी समेत*

अंशबण्डाको ३० नं. बमोजिमको प्रक्रिया पूरा गरी वादी प्रतिवादीहरूका बीचमा भएको भनिएको बण्डा रजिष्ट्रेशन समेत भएको देखिन आउँदैन । वि.सं २०३० सालमा वादी प्रतिवादीबीच घरसारमा बण्डापत्र भै अलग-अलग बिक्री व्यवहार गरेको भनी प्रतिवादीहरूले जिकीर लिए पनि उक्त बण्डापत्रको कागज अदालतसमक्ष पेश हुन सकेको अवस्था देखिँदैन । वादी प्रतिवादीहरू छुट्टी भिन्न भएको देखिने कुनै स्पष्ट सबूद कागज प्रमाणको अभावमा जुनसुकै अंशियाराको नाउँमा रहे भएको सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्ति एवं लगाएको ऋण सगोलको अंशियारको बीचमा बण्डा लाग्ने कानूनी व्यवस्थाअरूप प्रतिवादीहरूका नाउँको जग्गा समेतबाट वादीले बण्डा छुट्ट्याई लिन पाउने नै देखिने ।

प्रतिवादीले देखाएको ऋण प्रस्तुत मुद्दाका वादी समेतको हितमा खर्च भएको र निजले समेत तिर्नुपर्ने भनी साहूको उजूर परिसकेको अवस्था नभएकोले तत्सम्बन्धमा उजूर परेमा पुनरावेदक वादी समेतले तिर्नुपर्ने नपर्ने भन्ने सम्बन्धमा ठहर निर्णय हुने नै भएकोले ऋणको हकमा साहूको उजूर परेका बखत ठहरेबमोजिम हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल असार २९ गते रोज ४ शुभम् ।

६

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६६ सालको दे.पु.नं. CI-०६४२, जग्गा खिचोला चलन, *काकती यादव समेत वि. द्रोपतीदेवी यादव समेत*

विवादित कि.नं. २१५ को जग्गा प्रतिवादी मुकुत यादवको हकभोगको कि.नं. ५३८ तथा प्रस्तुत मुद्दामा प्रतिवादी नबनाइएका दयाराम साफीको हकभोगमा रहेको कि.नं. ४२४ को जग्गामा मिसिएको भन्ने नक्सा मुचुल्काबाट देखिन आएबाट सम्बद्ध प्रमाण नबुझी वादी दावीअनुसारको जग्गा को कसको जग्गामा घुस्न गएको हो यकीन गर्न सक्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः बासुदेव पौडेल

इति संवत् २०६८ साल जेठ ३१ गते रोज ६ शुभम् ।

७

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको साधक नं. RC-००७९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जयराम गिरी*

प्रतिवादीउपरको किटानी जाहेरी, प्रतिवादीको अनुसन्धान अधिकारी र अदालतसमक्ष भएको साविती बयान, अनुसन्धानका क्रममा बुझिएका प्रतिवादीको बाबु, आमा र बहिनी क्रमशः अनुरूप गिरी, लालमती गिरी, बिमला गिरी समेतले प्रतिवादीको खुकुरी प्रहारका कारण मृतकको मृत्यु भएको हो भनी लेखाई दिएको कागज, जाहेरवालाले जाहेरीलाई समर्थन हुने गरी लेखाई दिएको बकपत्र र स्वयं प्रतिवादीका साक्षी समेतको बकपत्र समेतका कागजातबाट प्रतिवादीले प्रहार गरेको खुकुरीको चोटका कारण मृतक पदमा गिरीको मृत्यु भएको देखिँदा प्रतिवादी जयराम गिरीलाई अभियोग दावीबमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः वासुदेव पौडेल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६८ साल जेठ २७ गते रोज ६ शुभम् ।

८

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** २०६६-CI-०६९४, अबण्डा सम्पत्ति बण्डा, *विश्वराज गाइजू वि.बलराम गाइजू*

आफैंले २०४३ सालमा बण्डापत्र गर्दा श्रीरामको माग हिस्सा नलगाउने, अहिले आएर निजको अंश हक अलग नगरेको त्रुटिपूर्ण छ भन्ने पुनरावेदकको जिकीर न्याय तथा तर्कसंगत देखिएन। अहिले श्रीरामको अंश हक अलग नगर्दैमा उसको अंश हक लोप हुने कुरा पनि हैन। श्रीराम गाईजूको अंश हकका सम्बन्धमा निजको दावी परेका बखत कानूनबमोजिम हुने नै हुँदा प्रस्तुत मुद्दामा केही बोलिरहनु पर्ने अवस्था देखिँदैन। २०४३ सालमा वादी प्रतिवादी र आमा केशरीमायाबीच कि.नं. ३३६ बण्डा हुँदा कित्ताफोड भै केशरीमायाको नाउँको जग्गा कि.नं. ५४६ मा दर्ता भैरहेको देखिन्छ। साविक ३३६ बाट आफ्नो हिस्सा लिइसकेपछि पुनः आमाको हिस्सालाई पनि अबण्डा मानी पुनः बण्डा नलाग्ने।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल साउन ३२ गते रोज ४ शुभम् ।

९

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** पुनरावेदन नं. ०६४-CI-००१४, अदालतको अपहेलना, *बृजगोपाल इनानी वि. राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालय समेत*

लिलामको कार्य गर्नु र सम्पत्ति अन्यत्र सारी सुरक्षितसाथ राख्नुले एउटै अर्थ लाग्ने हुँदैन । लिलामले हक स्वामित्व हस्तान्तरण गर्ने बिक्रीको प्रक्रिया भन्ने जनाउँछ । तर अन्यत्र सार्नुले सम्पत्तिको हक स्वामित्व हस्तान्तरण गर्ने बिक्रीको प्रक्रिया भन्ने जनाउँछ । तर अन्यत्र सार्नुले सम्पत्तिको हक स्वामित्व हस्तान्तरण गरेको भन्ने नभै सम्पत्तिको स्थान परिवर्तनको प्रक्रियालाई जनाउने हुन्छ । पुनरावेदकले दावी गरेका चल अचल सम्पत्ति रहेको अचल सम्पत्ति (जग्गा र घर) लिलाम भएको कारणबाट ती चल सम्पत्ति अन्यत्र सार्नु परेको भन्ने प्रत्यर्थीको भनाई अन्यथा भन्ने देखिन आएन । निवेदकले उल्लेख गरेका निषेधाज्ञाको निवेदनमा जारी भएको अन्तरिम आदेशविपरीत प्रत्यर्थीहरूले कार्य गरेको भन्ने देखिन नआएको अवस्थामा प्रत्यर्थीहरूले अदालतको अपहेलना गरेको ठहर नहुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल बैशाख २९ गते रोज ५ शुभम् ।

१०

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** पुनरावेदन नं. २०६४-CI-००२२, निषेधाज्ञा, *बृजगोपाल इनानी वि. नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेड, मुख्य कार्यालय बागबजार, काठमाडौं*

पुनरावेदकले पुनरावेदनपत्रमा धितोमा दिएको अचल सम्पत्ति र प्रत्यर्थी बैंकलाई धितोमा नदिएका एन.सी.सी. बैंक मुख्य कार्यालय बागबजारको धितोमा रहेका विभिन्न मेसिनहरू तयारी, अर्ध-तयारी कच्चा पदार्थ र सामानहरू समेतका चल सम्पत्ति समेत कब्जामा लिएको भन्ने समेत उल्लेख गरेको देखिए पनि महालक्ष्मी गार्मेन्ट इण्डष्ट्रिजमा रहेका औजार मेसिनलगायतका सामानहरू बिक्री वितरण गर्न, अन्यत्र सार्न वा अन्य उपयुक्त व्यवस्थापन गर्ने भनी प्रत्यर्थी नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकबीच मिति २०६२।२।१२ मा सहमति भएको देखिन्छ । सो सहमति लिखतउपर यिनै पुनरावेदकले काठमाडौं जिल्ला अदालतमा २०६२ सालको दे.नं.

५१२५।३४६३ को लिखत बदर मुद्दा दिएको र सो लिखतको एकपक्ष राष्ट्रिय वाणिज्य बैंकले ऋण असूलीसम्बन्धमा ऋण असूली न्यायाधिकरणमा दिएकोले उक्त मुद्दा निर्णय भएपछि वा वादी प्रतिवादीले कुनै कारण आधार देखाई जगाई पाऊँ भनी पछि निवेदन गरेमा उसै बखत जगाई कानूनबमोजिम गर्ने गरी लिखत बदर मुद्दा मिति २०६५।३।२९ का मुल्तवीमा रहेको देखिन्छ । सोही लिखतको कार्यान्वयन समेतको सम्बन्धमा हुन लागेको कारवाही रोकी पाउन प्रस्तुत निवेदन परेको देखिए पनि विवादित लिखतको कार्यान्वयन सम्बन्धमा मुद्दा परेपछि पुनरावेदकले दावी लिएको विषयको निरूपण सोही मुद्दाबाट नै हुने देखिएकोले विचाराधीन मुद्दाको विषयसम्बन्धमा निषेधाज्ञा जारी गरिरहनु पर्ने अवस्था देखिन नआएकोले पुनरावेदकले दायर गरेको निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल बैशाख २९ गते रोज ५ शुभम् ।

११

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** पुनरावेदन नं. २०६७-CI-०३१७, निषेधाज्ञा, *प्रदीपकुमार छिट्टान वि. करिया गोइत समेत*

नापी भै दर्ता स्रेस्ता कायम भै नसकेको बेदर्ते जग्गा भोग गर्न मात्रलाई कानूनबमोजिमको निर्विवाद स्वामित्व प्राप्त भैसकेको मान्न मिल्ने हुँदैन । अर्कोतर्फ विपक्षी प्रत्यर्थीहरूले समेत विवादित जग्गालाई आफ्नो हक भोगको भनी जिकीर लिएकोबाट विवादित इनार समेतको जग्गाको भोगमा नै विवाद उत्पन्न भएको देखिन आयो । कानूनबमोजिम निवेदकको निर्विवाद स्वामित्व कायम भैसकेको र भोगमा नै विवाद भएको जग्गामा सबूत प्रमाणको छानबीनबाटै हकभोगको निरोपण हुने हुन्छ । प्रमाणको मूल्याङ्कनद्वारा निरोपण हुने सामान्य देवानी प्रकृतिको विषयमा विशेष प्रकृतिको निषेधाज्ञाको निवेदनबाट निरोपण हुन नसक्ने हुँदा निषेधाज्ञाको निवेदन दावी खारेज हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल बैशाख २९ गते रोज ५ शुभम् ।

१२

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६४ सालको रिट नं. WO-०८३९, उत्प्रेषणयुक्त परमादेश, *गंगाबहादुर प्रधान वि. यमुनाबहादुर प्रधान समेत*

भैआएको बण्डा मुचुल्का कानूनअनुरूपकै देखिएको, नरम करम मिलाई जग्गाको प्रकृति र अवस्था समेतलाई विचार गरी बण्डा छुट्टयाइएको देखिएको, फैसलाअनुसारको जग्गा बण्डा भै यी निवेदक र प्रत्यर्थी समेतका नाउँमा प्रमाणपूर्जा प्राप्त भैसकेको भन्ने प्रमाण पेश भएको विवादित जग्गाको जग्गाधनी प्रमाणपूर्जाका कागजातबाट देखिँदा भैआएको काठमाडौं जिल्ला अदालतको आदेशलाई पुनरावेदन अदालत, पाटनको आदेशलाई सदर हुने ठहऱ्याएको अन्यथा भन्न नमिल्ने ।

फैसलाअनुसार कि.नं. २०८ को जग्गा र सोमा उल्लिखित २ वटा घरहरू समेत यी निवेदक प्रतिवादी र प्रत्यर्थी वादी समेतको अंश भागमा पर्ने गरी नरम करम मिलाई बण्डा छुट्टयाइएको देखिएको, घरजग्गा बण्डा गर्दा कम बेसी गरी छुट्टयाइएको भन्ने नदेखिएको, जीर्ण अवस्थामा रहेका घरहरू पछि भत्काई सबै अंशियारले बराबरी लिने गरी बण्डा छुट्टयाइएको देखिएको, बण्डा मुचुल्कामा यी निवेदक बाहेकका अर्का प्रतिवादीको मु.स. गर्ने नवीन प्रधान, वादी एवं स्थानीय निकायका प्रतिनिधि रोहबरमा बसी बण्डा मुचुल्का भएको देखिई कानूनको रोहरीत मिलेकै देखिएको र फैसलानुसारको जग्गा बण्डा छुट्टयाई वादी प्रतिवादीका नाउँमा विवादित जग्गा समेतको जग्गाधनी प्रमाणपूर्जा समेत प्राप्त भैसकेको देखिएको तथा निवेदक र प्रत्यर्थी यमुनाबहादुरका बीचमा परेको लुटपीट मुद्दाबाट घरको अस्तित्व कायम भएको नदेखिएकोले बण्डा मुचुल्का सदर हुने ।

इजलास अधिकृतः वासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल भदौ १२ गते रोज २ शुभम् ।

१३

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६४ सालको WO-०१०७, उत्प्रेषणयुक्त परमादेश समेत, *सुरेन्द्रलाल मुनकर्मी वि. एल.आर.आई. उच्च माध्यमिक विद्यालय काठमाडौं*

प्रचलित कानूनी व्यवस्थाअनुसार अधिकारप्राप्त अधिकारीले निर्णय गरिसकेपछि यदि त्यस्तो निर्णय संविधान एवं कानूनविपरीत छ भने सम्बन्धित पक्षले अविलम्ब कानूनी उपचारमा क्रियाशील रहनुपर्ने हुन्छ। विलम्बले समन्यायलाई पराजीत गर्छ (Delay Defeats Equity) भन्ने कानूनको मान्य सिद्धान्तलाई यस अदालतले थुप्रै मुद्दाहरूमा ग्रहण गरी स्थापित गरेको छ आफ्नो अधिकारको रक्षाको लागि समयमै सम्बन्धित व्यक्तिले उपचार नखोज्ने हो भने त्यस्तो अधिकार परित्याग गरेको वा अधिकारप्राप्त अधिकारीले गरेको निर्णयमा चित्त बुझाई बसेको सम्झनुपर्ने हुन्छ। समयमा कानूनी उपचार खोजिएन भने चुनौती दिइएको निर्णयअनुसार कारवाहीको प्रक्रिया धेरै अगाडि बढेको वा कतिपय अवस्थामा तेस्रो पक्षको अधिकार समेत सिर्जना भइसकेको हुन सक्छ। बिलम्बको सिद्धान्तअनुसार यदि निवेदक निरन्तर उपयुक्त कानूनी उपचारको मार्गमा संलग्न रहेको देखिन्छ भने खाली समय तत्व (Time Factor) मात्र प्रमुख र निर्णायक हुँदैन। निवेदकको कानूनी उपचारप्रति देखाएको दतारूकता वा क्रियाशीलता महत्वपूर्ण हुन्छ। निवेदक अविलम्ब र निरन्तर कानूनी मार्गमा प्रयत्नशील रहेको देखिन्छ भने केही समय व्यतीत भएको भन्ने कारणले मात्र बिलम्ब भयो भन्न नमिल्ने।

निवेदकले विपक्षी एल.आर.आई विद्यालयमा १८ वर्ष काम गरेको र सो अवधिको उपदान र बिदाको रकम विपक्षीबाट भुक्तानी पाउन बाँकी रहेकोले सो रकम भुक्तानी दिनु भनी विपक्षीका नाममा परमादेश जारी गरिपाऊँ भन्ने दावी भए पनि निजले कति अवधि पूर्णकालीन शिक्षकको रूमा नोकरी गरेको भन्ने सम्बन्धमा निवेदकको दावी र विपक्षीहरूको लिखित जवाफमा विवाद रहेको देखियो। निवेदकले विपक्षीबाट कुनै लेना रकम बाँकी छैन भनी भरपाई गरिदिएको भन्ने तथ्यलाई स्वीकार गरेको समेत देखिनुका साथै निजले विपक्षीबाट के कति रकम लिन बाँकी छ भनी अङ्क किटान गरी यकीन दावी गर्न सकेको समेत देखिन आएन। यस्ता विवादास्पद विषयहरूमा यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत रिट क्षेत्रबाट प्रमाणहरू बुझी निवेदकको नोकरी अवधि भुक्तानी पाउन बाँकी रकमलगायतका विषयहरू यकीन गर्न सकिने अवस्था पनि नहुने।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल साउन १७ गते रोज ५ शुभम्।

१४

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६२ सालको रिट नं. WO-०३२८१, उत्प्रेषण प्रतिषेधयुक्त परमादेश समेत, *नन्दकुमार मल्ल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

आफ्नो जग्गाको क्षेत्रफल घटाएको विषयसँग जोडेर सडकको चौडाई, ढलको व्यवस्था लगायतका विषयमा प्रस्तुत निवेदनमार्फत् प्रश्न उठाएको देखिए पनि घडेरीहरू विकसित गरी जग्गाधनीहरूलाई विकसित घडेरीहरू फिर्ता गर्ने उद्देश्यबाट गठित जग्गा एकीकरण आयोजनाले औचित्य र आवश्यकताका आधारमा सडकको चौडाई ढललगायतका विषयहरूमा गरेको निर्णयसम्बन्धमा निवेदकरूले प्रश्न उठाएको आधारमा अदालतले त्यसको औचित्यभित्र प्रवेश गरी यो यस्तो सडक बनाउनु वा निर्माण गर्नु भनी रिटक्षेत्रबाट निर्णय गर्न नमिल्ने।

बढी क्षेत्रफलअनुसारको स्रेस्ता नापी टोलीबाट खडा भई मालपोत कार्यालयबाट स्रेस्ता तयार हुने प्रक्रियामा रहेको तथ्यलाई विपक्षीहरूले पूर्णतया इन्कार गर्न सकेको देखिँदैन। निवेदकहरूले दावी गरेअनुसारको जग्गा नठहर्ने हो भने पनि सोहीअनुसार अधिकारप्राप्त अधिकारीबाट कानूनबमोजिम निर्णय हुनु पर्ने।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल साउन १७ गते रोज ३ शुभम्।

१५

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री कमलनारायण दास,** २०६६ सालको MS-०००४, अदालतको अपहेलना, *दानबहादुर प्रजापति वि. हरिप्रसाद दुलाल*

विवादित जग्गाको मोही यी निवेदक होइनन् भन्ने निर्णय भइसकेपछि पुनः सोही जग्गा बाँडफाँडसम्बन्धी विषयमा परेको निवेदनमा थप

निर्णय गर्नुपर्ने अवस्था रहन जाने देखिँदैन । यस्तो अवस्थामा भूमिसुधार अधिकारीले पुनरावेदन अदालत, पाटनबाट भएको २०६५।१।२५ को आदेश कार्यान्वयन गर्नुको कुनै औचित्य रहने देखिँदैन । यसरी भूमिसुधार अधिकारीबाट औचित्यहीन भैसकेको विषयमा थप निर्णय नगरेको विषयलाई अदालतको आदेशको अवज्ञा गरेको हो भनी मान्नु तर्कसंगत र न्यायोचित नहुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल चैत २४ गते रोज ५ शुभम् ।

१६

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री कमलनारायण दास,** २०६४ सालको CI-०५३३, लेनदेन, *चन्देश्वर राउत वि. फेकन साह तेली*

विवादको लिखत रीतपूर्वक भएको देखिएको र सो लिखत लिफामा लेखिएको नभई तमसुक भइसकेपछि कारणीको सहीछाप भएको हो भनी विशेषज्ञबाट जाँच प्रतिवेदन प्राप्त भई सो व्यहोरालाई समर्थन गरी बकपत्र समेत गरिदिएको अवस्थामा विवादित लिखत लिफामा लेखिएको हो भन्न नमिल्ने भै लिखतबमोजिमको साँवा ब्याज वादीलाई बुझाएको छु भन्ने पुनरावेदक प्रतिवादीको जिकीर समेत नरहेको अवस्थामा फिराद दावीबमोजिम प्रतिवादीबाट वादीले साँवा ब्याज भराई पाउने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल चैत २४ गते रोज ५ शुभम् ।

१७

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री कमलनारायण दास,** २०६५ सालको CR-००५४, लुटपीट, *फेकन मण्डल समेत वि. दीपनारायण मण्डल समेत*

फौजदारी मुद्दामा कसूर प्रमाणित गर्ने भार वादी पक्षको हुन्छ र कसूर शंकारहित तवरबाट पुष्टि भएको हुनुपर्दछ । अन्यथा शंकाको सुविधा प्रतिवादीको पक्षमा जान्छ । यो फौजदारी न्यायको सर्वमान्य सिद्धान्त हो । यी पुनरावेदक वादीहरूले आफ्नो फिरादमा कुन प्रतिवादीले के कुन प्रकृतिको र कति परिमाणको सामान लुटेर लगे वा नोक्सान पारे भनी स्पष्ट र वस्तुनिष्ठ आधार उल्लेख गर्न सकेको नदेखिई गोलमटोल रूपमा पर्खाल भत्काई ईटा लुटी लगी नोक्सान पारेसम्म भनेको देखिन्छ । यस्तो अवस्थामा प्रतिवादीहरूले लुटपीट गरे भन्ने वादी शंकारहित तवरबाट पुष्टि नहुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल चैत २४ गते रोज ५ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री प्रकाश वस्ती,** २०६४ सालको CI-०१२३, घर उठाई जग्गा चलन, *देवेन्द्रबहादुर सिँह वि. मथुराप्रसाद साह*

जग्गा बढ्नु नै खिचोलाको लागि पर्याप्त हुँदैन । नक्सालगायतका प्रमाणबाट देखिने स्थिति जग्गा खिचोला मुद्दामा एउटा विश्वासिलो आधार हुन्छ । यस स्थितिमा न.नं. ९ को जग्गा प्रतिवादीले मिसाई लिएको नभई नापीबाट नै कित्ताकाट गराई लिँदा नापी शाखाबाट नै निजले खरीद गरेको समयमा नै प्राप्त भै भोगमा आएको देखिन्छ । प्रतिवादीलाई जग्गा दिने दाता अर्थात् यी वादीकी आमाले सो कित्ताकाट भएपछि सो अवस्थामा र तत्पश्चात् पनि आफ्नो जीवनकालमा उक्त जग्गामा दावी नगरी हाल मात्र यी वादीले आफ्नो जग्गा घुसाई लिएको दावी गरेको देखिँदा वादी दावी नपुग्ने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको फैसला मिलेकै देखिने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६८ साल असोज २ गते रोज २ शुभम् ।

२

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री प्रकाश वस्ती,** २०६३ सालको CI-०१२०३, निर्णय दर्ता बदर समेत, *नारायणप्रसाद अमात्य वि. सुन्दरी अमात्य समेत*

वादीले आफ्नो ससुरा जगतमान र ज्योतिमानको नाउँमा रहेको जग्गा यी प्रतिवादीले मोही बनी आफ्नो नाउँमा बाँडफाँड गरेको दर्ता नामसारी बदर गरिपाऊँ भनी दावी गरेको देखिन्छ । यी प्रतिवादी नारायणप्रसाद अमात्यलाई मोही कायम गरेकोमा यस अदालतमा रिट निवेदन परी भूमिसुधार कार्यालयको निर्णय बदर भै पुनः निर्णय गर्न मिति २०५८।६।१६ मा परमादेश जारी गरेपछि सुन्दरी अमात्यले नारायणप्रसाद अमात्य समेतउपर गरेको फैसला बदर मुद्दामा भूमिसुधार कार्यालयले यी प्रतिवादी नारायणप्रसाद अमात्यलाई मोही कायम गरेको, अघि २०५४।१२।२६ को फैसला बदर गर्ने गरी २०६१।१०।४ मा निर्णय गरेको र सोउपर यी प्रतिवादी नारायणप्रसाद अमात्यको पुनरावेदन परेकोमा पुनरावेदन अदालतबाट मिति २०६२।८।२ मा भूमिसुधार कार्यालयको उक्त फैसला सदर भएको देखिन्छ । यसरी निज नारायणप्रसाद अमात्यलाई मोही कायम गर्ने गरेको निर्णय नै बदर भएबाट निज मोही नरहेको स्पष्ट छ । यस्तो अवस्थामा अघिको निर्णयबमोजिम मोहीलाई जग्गा बाँडफाँड गरेको बदर गरिपाउन यी वादीको दावीबमोजिम मोही बाँडफाँड गरी जग्गा दाखेल खारेज नामसारी गर्ने ठहऱ्याएको कानूनअनुकूल नदेखिँदा सो बाँडफाँडको आधारमा भएको दर्ता नामसारी निर्णय हुने ।

भूमिसुधार कार्यालयको मिति २०५४।१२।२६ को निर्णय नै फैसला बदर मुद्दाको अन्तिम निर्णयबाट बदर भैसकेको अवस्थामा उक्त भूमिसुधार कार्यालयको मिति २०५४।१२।२६ को निर्णयको आधारमा मालपोत कार्यालयबाट मिति २०५४।१२।२८ मा भएको दर्ता नामसारी निर्णय सदर कायम रहन नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल असोज २ रोज २ शुभम् ।

३

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री प्रकाश वस्ती,** २०६३ सालको CI-०६३२, खिचोला, *मधुसुदन दास श्रेष्ठ वि. कमलादेवी शाक्य*

विवाद देखाइएको न.नं. २३ को जग्गा प्रत्यर्थी प्रतिवादीको कि.नं. २४१ मा पर्ने नक्सा कुण्डलीको न.नं. ५, ७, ८, १२ र १३ मा जोड्ने हो भने निजको स्रेस्ताभन्दा बढी क्षेत्रफल हुन जाने हुन्छ भने सो विवादित न.नं. २३ को जग्गा पुनरावेदक वादीले कि.नं. ७०९ मा पर्ने न.नं. १९,२१, २२, २३, २८ र २९ मा जोड्दा समेत निजको स्रेस्ताअनुसारको क्षेत्रफल नपुग देखिन्छ । वादी एवं प्रतिवादीका कि.नं. ७०९ र कि.नं. २४१ का जग्गाको वास्तविक स्थिति नक्साबाट देखिएको र आफ्नो स्रेस्ताअनुसारको जग्गाको सीमाभित्र दुबै पक्ष सीमित भई बस्नुपर्ने हुन्छ । सर्भे नक्सा एवं अदालतबाट भई आएको नक्सा कुण्डलीको आकृति, प्रकृति एवं स्वरूपबाट समेत विवादित न.नं. २३ को जग्गा पुनरावेदक वादीको कि.नं. ७०९ को हो भन्ने देखिन आएको छ । तर सो जग्गामा प्रतिवादीले कम्पाउण्ड समेत लगाई घर बनाई भोग गरेको देखिएको छ । यस्तो अवस्थामा विवादित नं. २३ को जग्गा कि.नं. ७०९ को मानी वादी दावीबमोजिम प्रतिवादीले खिचोला गरेको देखिँदा उक्त न.नं. २३ को जग्गामा वादीको हक कायम हुने र सो जग्गाको साँधमा रहेको ६ फीटे बाटोका हकमा प्रतिवादीको कि.नं. २४१ को पूर्वतर्फबाट प्रतिवादीले आवतजवत गर्न पाउने गरी प्रतिवादीको खिचोला मेटाई पर्खाल समेत भत्काई चलन समेत चलाई पाउने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल साउन २३ गते रोज २ शुभम् ।

४

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री प्रकाश वस्ती,** ०६४-CI-०८९८, जग्गा खिचोला मेटाई घर हटाई चलन चलाई पाऊँ, *ठाकुरप्रसाद बराल वि. रमादेवी बराल*

दुबै पक्षका जग्गाको सर्वे नापी, ट्रायल चेक, अदालतबाट नै आएको नक्सा मुचुल्का एवं प्राविधिक कर्मचारीको प्रतिवेदन समेतका आधारमा वादीको जग्गाको उत्तरपश्चिम मोहडाको विवादित न.नं. ११ को जग्गाको ४५ से.मी. को जग्गा पूर्वको मोहडामा पुग्दा त्रिकोणको रूपमा जे जति क्षेत्रफल हुन आउँछ सो ४५ से.मी. जग्गा प्रतिवादीले खिचोला गरी घर निर्माण गरेको देखिँदा सो हदसम्म निर्माण भएको

घर हटाई खिचोला मेटाई वादीले चलन चलाई पाउने ।
इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल साउन २४ गते रोज ३ शुभम् ।

५

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री प्रकाश वस्ती,** ०६३-CI-११९१, जग्गा रोक्का सम्बन्धमा, *रामप्यारे साह वि. ब्रम्हदेव यादव*

प्रमुख जिल्ला अधिकारीले (जिल्ला प्रशासन कार्यालय, सर्लाही) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(५) बमोजिम रोक्का राखी पुनरावेदक विद्यालयको भोगमा राखी प्रत्यर्थी जग्गाधनी ब्रम्हदेव राय यादवलाई अदालतबाट हक बेहक छुट्टयाई ल्याउन आदेश दिएको देखिन्छ । उक्त दफा ६(५) ले जिल्लाभित्रको जग्गाजमीन, कुलो, पानी, साँध सीमानाबारे शान्ति भङ्ग हुन जाने जस्तो झगडा भएको वा हुन लागेको छ भन्ने थाहा हुन आएमा प्रमुख जिल्ला अधिकारीले सम्बन्धित सम्पत्ति रोक्का गरी अदालतबाट हक बेहक छुट्टयाएर आउन आदेश दिन सक्ने देखिन्छ । दुई पक्षबीच जसको स्वामित्व तत्कालप्राप्त प्रमाण कागजबाट देखिन्छ, उसलाई नभई अर्को पक्षलाई अदालतमा हक बेहक गराई ल्याउन सुनाउनु पर्ने हुन्छ । पारीत लिखत र जग्गाधनी प्रमाण पूर्जा भएको पक्षलाई नभई जसले करारीय व्यवहारबाट जग्गाप्राप्त गरेको भनिएको छ उसलाई अदालतमा जान सुनाउनुपर्ने हुन्छ । स्वामित्वको प्रमाण हुने व्यक्तिलाई सो बदर नभएसम्म जग्गाधनी मान्नुपर्ने हुन्छ । जग्गाधनीलाई नै अदालतबाट हकबेहक छुट्टयाएर आउनु भनी आदेश गर्ने क्षेत्राधिकार प्रमुख जिल्ला अधिकारीलाई स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(५) ले दिएको नदेखिने ।
इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल साउन २४ गते रोज ३ शुभम् ।

६

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री प्रकाश वस्ती,** २०६४-CI-०९६१, अंश चलन, *दुर्गी मलाहा वि. हरिहर मलाहा मुखिया समेत*

समान पुस्ताका नाममा सम्पत्ति रहेकोमा यदि त्यो सम्पत्ति पैतृक सम्पत्तिबाट नामसारी भई आएको वा सोबाट बढे बढाएको होइन भने त्यो सम्पत्ति आर्जनमा अरूको पनि योगदान देखिनु पर्दछ । प्रस्तुत विवादमा यो स्थिति पनि छैन । यसरी न पैतृक न त्यसबाट बढे बढाएको र न त सो सम्पत्ति आर्जन गर्न सामूहिक प्रयास नै भएको स्थितिमा रहेको सम्पत्ति बण्डा हुने स्थिति रहँदैन । प्रस्तुत विवादको सम्पत्ति अन्य दुई अंशियारका पिता पतिलाई सरह नै प्रतिवादीका स्वर्गीय पतिलाई क्षेत्रीय बसोबास कार्यालयबाट अलग-अलग रूपमा प्राप्त भएको छ । ऐलानी, पर्ती समेतका सरकारी जमीनमा बसोबास गरेको आधारमा सरकारी निकायबाट तीनै हाँगाका अंशियारलाई अलग-अलग रूपमा प्रदान भएका सम्पत्तिलाई अंशबण्डाको १८ नं. अनुरूप निजी प्रयासबाट प्राप्त सम्पत्तिको वर्गमा राखिनु पर्ने ।
इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः विपनादेवी मल्ल
इति संवत् २०६८ साल असोज २ गते रोज २ शुभम् ।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६४ सालको CI-०९६२, लिखत दर्ता बदर दर्ता कायम, *दुर्गी मलाहा समेत वि. हरिहर मलाहा*
- २०६४ सालको CI-०९६३, लिखत दर्ता बदर दर्ता कायम, *दुर्गी मलाहा समेत वि. हरिहर मलाहा मुखिया समेत*
- २०६४-CR-०७७२, जालसाजी, *दुर्गी मलाहा वि. मंगलीदेवी मलाहा समेत*

७

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४ सालको दे.पु.नं. ३७८, निर्णय दर्ता बदर, *राजु लामा समेत वि. छली लमिनी*

यस अदालतबाट भएको फैसला र आदेश जस्तो भए पनि मातहतका सबै अदालत तथा अर्द्धन्यायिक र प्रशासकीय निकाय समेतले मान्नुपर्ने हुन्छ । तत्सम्बन्धी कानूनी व्यवस्था र यस अदालतको निर्देशनबमोजिम नगर्ने कार्य न्यायिक अनुशासनप्रतिकूल

हुन्छ। सोको अलावा यस अदालतको उक्त २०६१।३।२१ को फैसलाबाट नै काठमाडौं जिल्ला अदालतको खारेजी फैसला समेत बदर भई वादीको फिराद हदम्यादभित्रको भनी ठहर भइसकेपश्चात् पुनरावेदन अदालतले बदर भइसकेको का.जि.अ. को सोही फैसलालाई बदर गर्न र पुनः निर्णय गर्न उक्त अदालतमा मिसिल पठाउने निर्णय स्पष्टतया त्रुटिपूर्ण हुने।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल बैशाख ६ गते रोज ३ शुभम्।

८

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री तर्कराज भट्ट,** २०६३-CR-००३५, ००६२, ००८०, भ्रष्टाचार, *चक्रबहादुर कार्की वि. नेपाल सरकार, मोतीलालभक्त खवास वि. नेपाल सरकार, रामचन्द्र गड्तौला वि. नेपाल सरकार*

प्रचलित कानून तथा बैंकले तयार गरेको निर्देशिकाबमोजिम धितोस्वरूप पेश गरेको जग्गा सम्बन्धित व्यक्तिको नाउँमा दर्ता छ, छैन ? जुन उद्योगको नाममा ऋण माग गरेको हो सो उद्योग दर्ता छ, छैन ? बुझी जग्गा दर्ता र उद्योग दर्ता भएको देखिए धितो दिएको जग्गा रोक्का गर्न सम्बन्धित मालपोत कार्यालयमा पठाई मालपोत कार्यालयबाट रोक्का गराई जग्गाको स्थलगत मूल्याङ्कन समेत गरी जग्गाको प्रकृति समेत हेरी जाँची जग्गाधनी प्रमाणपूर्जा, चारकिल्ला प्रमाणित, नक्सालगायतका ऋण माग गर्दा भर्नुपर्ने फाराम, पुऱ्याउनुपर्ने प्रक्रिया पूरा गरेपछि लगानी गरेको ऋण असूल हुने भएपछि मात्र ऋण लगानी गर्नुपर्ने।

यी प्रतिवादीहरूमध्ये मोतीलालभक्त खवासले आफू बैंकको प्रवन्धक भएको अवस्थामा ऋण लगानी गर्दा बैंकको निर्देशन पालना नगरी पेश भएको धितोको बारेमा छानबीन नगरी प्रचलित कानूनी व्यवस्थाको विपरीत हुने गरी लापरवाही गरी नक्कली कागज र काल्पनिक ऋणीका नामबाट ऋण प्रवाह गरी आफूलाई फाइदा, बैंकलाई नोक्सान पुऱ्याएको देखिँदा निजको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर देखिने।

प्रतिवादी रामचन्द्र गड्तौलाले आफूले जाँचबुझ गरी बैंकलाई नोक्सानी नहुने गरी ऋण लगानीसम्बन्धी फाराम, मूल्याङ्कन फाराम, ऋण लगानीसम्बन्धी निर्णय, भुक्तानीको भौचरमा सही गर्नुपर्नेमा प्रवन्धकले सही गर भनी भनेकाले विश्वासमा परी सही गरेको हुँ भनी लापरवाही गरी बैंकलाई नोक्सान पुग्ने कार्य गरेको पुष्टि भएकोले निजउपर सोही ऐनको दफा १७ को कसूरको मतियारको दावी हुँदा निजले दफा २२ बमोजिमको कसूर गरेको देखिने।

प्रतिवादी चक्रबहादुर कार्कीले अर्काको नागरिकता पेश गरी बैंकबाट ऋण माग गरी लिएको कुरा बैंक मेनेजरबाट तीन लाख पचासी हजार लिएको समेत स्वीकार गरी बयान गरेको ऋणसम्बन्धी कागजहरू तयार गर्ने चक्र कार्की हुन् भन्ने र निजलाई मेनेजरको आदेशले तीसलाख बुझाएको हुँ भनी गरेको गणक जीतेन्द्रको बयान, चक्र कार्कीको अनुसन्धानको क्रममा लिएका नमूना ल्याप्चे छाप, बैंकका रसीद भौचरको छापसँग निवेदन तमसुकमा रहेका ल्याप्चे छापसँग मिल्छ भन्ने विधि विज्ञान प्रयोगशालाको पत्र समेतबाट पुष्टि हुन आएकोले बैंकका कर्मचारीसँग मिली आफू सम्बन्धित ऋणी नभए पनि बैंकबाट रकम बुझी लिई बैंकलाई नोक्सान, आफूलाई गैरकानूनी फाइदा हुने काम गरेको देखिँदा निजउपर समेत सो ऐनको दफा १७ को कसूर गरेको पुष्टि हुने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल जेठ २ गते रोज २ शुभम्।

- यसै प्रकृतिको २०६३-CR-००६१, ००८१, भ्रष्टाचार, *मोतीलाल खवास वि.नेपाल सरकार, रामचन्द्र गड्तौला वि. नेपाल सरकार* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

९

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६७-CI-०२७९, निषेधाज्ञामिश्रित परमादेश, *रामस्वरूप राय वि. गोविन्दकुमार मल्लिक*

निवेदकले पुनरावेदक सहकारी संस्थाबाट जग्गा धितो राखी लिएको कर्जा र सोको ब्याज समेत तिरी बुझाई हरहिसाब फरफारक गरी दिएको समेत नदेखिएको अवस्थामा ऋण लिएबापत राखेको धितो लिखत सम्झौताअनुसार लिलाम गर्दा कानूनविपरीत सम्पत्ति अपहरण गर्न लागेको भन्न मिल्ने हुँदैन। ऋण लिएपछि

ऋणको साँवा ब्याज नतिरे धितो लिलाम गर्दा निवेदकको कुन कानूनद्वाराप्रदत्त के कुन अधिकारमा आघात पर्ने हो सो कुरा निवेदन लेखबाट देखिँदैन। कानूनको अधिनमा रही नागरिकलाई सम्पत्तिसम्बन्धी अधिकार प्रदान गरिएको हुन्छ। ऋण नतिरेमा धितो राखेको लिलाम गर्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा कानूनबमोजिम गरेको वा गर्न लागेको कामकारवाहीबाट सम्पत्तिसम्बन्धी हकमा आघात पुग्ने भनी सम्झन नमिल्ने।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल साउन २६ गते रोज ५ शुभम्।

१०

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७-CI-०४८८, निषेधाज्ञा/परमादेश, *जिल्ला विकास समितिको कार्यालय, मकवानपुर समेत वि.रमेशकुमार अर्याल*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले जिल्ला विकास समितिलाई "ढुङ्गामा कर लगाउन दिएको अधिकारअन्तर्गत "चुनढुङ्गा" समेतमा कर लगाउन पाउने" भनी अर्थ गर्न तथा अधिकारक्षेत्रको विस्तार गर्न नमिल्ने देखिएको र प्रत्यर्थी निवेदकले खानी तथा भूगर्भ विभागबाट इजाजतपत्र प्राप्त गरी चुनढुङ्गा उत्खनन् गरी खानी तथा खनीज पदार्थ ऐन, एवं नियमावलीबमोजिम जिल्ला विकास समितिलाई प्रचलित कानूनबमोजिम स्थानीय विकास शुल्क समेत नियमित रूपमा बुझाई रहेको अवस्थामा हेटौंडा सिमेन्ट उद्योगसँग चुनढुङ्गा विपक्षीहरूले कर लिन पाउने प्रष्ट कानूनी व्यवस्था रहेको नदेखिँदा प्रत्यर्थी निवेदकबाट अनियमित कर वा शुल्क लिने कार्य नगर्नु, नगराउनु भनी परमादेश जारी हुने।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल साउन २६ गते रोज ५ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रेम शर्मा,** २०६३ सालको CR-०१५७, ०००२, ०२३८, ०३०४, कर्तव्य ज्यान, *सत्येन्द्र झा वि. नेपाल सरकार, नेपाल सरकार वि. प्रसन्नकुमार झा, सुनीलकुमार झा समेत वि. नेपाल सरकार, नेपाल सरकर वि. सूर्यदेव झा*

समाजका हरेक सदस्यलाई सम्मानपूर्वक मानवोचित जीवन जीउने हक रहन्छ र जीवनको सम्पूर्ण सुख र स्वतन्त्रताको खोजी गर्ने हक रहन्छ भन्ने कुरा समाजका हरेक सदस्यले हृदयंगम नगर्ने हो भने समाज यसको सदस्यको लागि सहायक नभै बाधक बन्दछ। समाज यसका सदस्यको लागि सुरक्षा कवच हुनुपर्दछ र व्यक्तिगत तथा सामाजिक विकासको लागि माननीय सम्बन्ध र सद्भाव प्रवर्द्धन गर्ने कारक हुनुपर्छ अन्यथा मानव सभ्यताको इतिहासमा नै कालो धब्बाको रूपमा रहेको जातीय छुवाछुत जस्तो कुरालाई कुनै बहानामा सहन गरी त्यसको आवरणमा हुने ज्यान मार्ने जस्तो अपराधमा पनि हलुको दृष्टिकोण लिई सहन गर्ने प्रवृत्ति कायम राख्न मद्दत गर्ने हो भने व्यक्तिको जीवनको हक, समानताको हक, छुवाछुत विरूद्धको हक, स्वतन्त्रताको हक, शोषण विरूद्धको हकलगायतका अनेकौं अन्तरसम्बन्धित हकहरू उल्लंघन गर्ने आधारहरू टिकिरहन जान्छन्, जुन कुनै हालतमा पनि सह्य हुन सक्दैन। अरूको जीवन र आत्मसंयमको हकलाई तृण बराबर ठान्ने र त्यसलाई मासेर भए पनि आफ्नो वा आफ्नो परिवारको कृत्रिम उच्चता प्रदर्शित गर्ने सोच, संस्कार र व्यवहार कायम रहेसम्म समाजमा समानता र न्यायको उद्बोधन हुन नसक्ने हुनाले भेदभाव र असमानतारूपी विषम र विकृत परिस्थितिमा एकजना निहत्था र निर्दोष व्यक्तिलाई धेरै मानिस मिली षड्यन्त्रपूर्वक गरेको हत्यामा पनि हलुको दृष्टिकोणले सजाय कम गर्नु विवेकहीन हुने हुनाले शुरू महोत्तरी जिल्ला अदालतको अ.बं. १८८ बमोजिमको रायसँग असहमति जनाई पुनरावेदन अदालतले कानूनबमोजिम तोकेको सजाय मिलेकै देखिन आउँछ। अतः शुरू महोत्तरी जिल्ला अदालतबाट यी प्रतिवादीका हकमा लगाइएको अ.बं. १८८ नं. को रायका आधारमा १० वर्ष कैद तोकिएको फैसला वस्तुगत नदेखिँदा सोही फैसलामा लिइएको अ.बं. १८८ नं. को हदसम्मको राय उल्टी गरी प्रतिवादी पुनरावेदक सत्येन्द्र झालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने।

प्रतिवादी सत्येन्द्र झाको अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा प्रतिवादी पसन्नकुमार झासहित संलग्न सबै प्रतिवादीहरू मिली कुटपीट गरी मारेको भनी उल्लेख गरेको देखिन्छ । सोही व्यहोरालाई समर्थन गर्ने गरी मृतककी दिदी हिरादेवीले गरिदिएको बयान कागजमा समेत प्रसन्न झा समेतका व्यक्तिले कसैले हात, कसैले खुट्टा र कसैले टाउको उचाली मृतकको लास फाल्न लागेको आफूले देखेको भनी खुलाई बयान दिएको देखिन्छ । निजले प्रसन्नकुमार झा वारदातमा आफ्नो संलग्नतालाई अस्वीकार गरी आफू वारदातको दिन जनकपुरमै बसेको भनी Alibi को जिकीर लिए पनि अन्यत्र रहे भएको खास प्रमाण पेश गर्न सकेको देखिँदैन । घटनामा प्रत्यक्ष संलग्न रही अर्का प्रतिवादी सत्यन्द्र झा समेतको संलग्नतामा मृतकलाई कुटपीट गरी कर्तव्य गरी मारेकोमा प्रत्यक्ष संलग्नता रहेको मिसिल प्रमाणबाट देखिएकोमा यी प्रतिवादीको वारदातमा संलग्नता नै थिएन भनी निजले भन्दैमा सोही कथनलाई विश्वसनीय मान्न मिल्दैन । पुनरावेदक प्रतिवादी सत्येन्द्र झाका हकमा र यी प्रतिवादी प्रसन्नकुमार झाका हकमा समेत शुरू महोत्तरी जिल्ला अदालतबाट अ.बं. १८८ नं. बमोजम १० वर्ष कैदको राय लगाएको देखिन्छ तर मुद्दाको मिसिल संलग्न प्रमाण एवं प्रतिवादी सत्यन्द्र झाका हकमा माथि विवेचित आधार र प्रमाणबाट समेत यी प्रतिवादी प्रसन्नकुमार झाका हकमा समेत अ.बं. १८८ नं. को राय सान्दर्भिक हुने नदेखिँदा पुनरावेदन अदालत जनकपुरबाट सोही रायलाई बदर गरी यी प्रतिवादी प्रसन्नकुमार झालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ।

मृतकको मृत्यु हुँदा कर्तव्य गरी मारिदिन संयोग पारिदिने यी प्रतिवादीहरू कृष्णकुमार झा, श्रवण झा एवं सुनीलकुमार झाका हकमा ज्यानसम्बन्धीको १७(२) बमोजिम २ वर्षको दरले कैद सजाय हुनु पर्नेमा प्रतिवादी कृष्णकुमार झालाई २ वर्ष कैद तथा यी पुनरावेदक प्रतिवादी सुनीलकुमार झा र श्रवणकुमार झालाई ५ वर्ष कैद हुने ठहऱ्याई भएको फैसला कानूनसम्मत् नदेखिँदा यी प्रतिवादी सुनीलकुमार झा र श्रवणकुमार झाका हकमा ज्यानसम्बन्धी महलको १७(२) बमोजिम २ वर्ष कैद हुने ।

प्रतिवादी सुधीर झा र रमणकुमार झाका हकमा निजहरूले अदालतको बयानमा आफू अन्यत्र भएको जिकीर गरेपनि मुख्य अभियुक्त सत्येन्द्र झाको अधिकारप्राप्त अधिकारीसमक्षको बयानबाट समेत यी प्रतिवादीहरूको वारदातस्थलमा संलग्नता रहेको पुष्टि हुन आएको देखिँदा निजहरूको हकमा पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला कानूनसम्मत् हुँदा सदर हुने ।

मृतक कृष्णकुमार पासवानको कर्तव्य गरी मार्न वारदातमा उपस्थित भएको, मार्नमा परिपञ्च गरी संयोग पारिदिएको वा वारदातस्थलमा रहेको भन्ने तत्थ्ययुक्त आधार प्रमाण वादीपक्षबाट पेश हुन सकेको देखिदैन । यी प्रतिवादीहरू स्पष्टरूपमा मृतक कृष्णकुमार पासवानलाई कुटपीट गरी मार्ने, मराउने वा मार्नमा संयोग पारी दिई परिपञ्च मिलाई दिने वा वारदातमास्थलमा रहे भएको भन्ने स्पष्ट प्रमाणका अभावमा फौज्दारी अपराधको कसूरमा सजाय गर्न मिल्ने नदेखिँदा निज प्रतिवादी सूर्यदेव झा, लक्ष्मण झा, आनन्दकुमार झा र भगीरथ झालाई अभियोग दावीबाट सफाइ हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल असार २७ गते रोज २ शुभम् ।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६६ सालको CR-०७३८, कर्तव्य ज्यान, *माङ्ली नेपाली वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले सालनाल काट्दा रक्तस्राव भई बच्चाको मृत्यु भएको भने पनि अनुसन्धानप्राप्त अधिकारी र अदालतमा निजले गरेको बयानबाट आफूले बच्चालाई कर्तव्य गरी मारेको भनी स्वीकार गरिरहेको अवस्था छ । निजको उक्त भनाई, घटनास्थल विवरण र लासजाँच प्रतिवेदन समेतबाट बच्चाको मृत्यु कर्तव्यबाट भएको पुष्टि हुन्छ । लोकलज्जा वा समाजको डर र आर्थिक अभावको कारण मनसायपूर्वक कर्तव्य गरी जीउँदो जन्मेको बच्चा मारेको कुरा मिसिल संलग्न कागज प्रमाणबाट समर्थित र पुष्टि भइरहेको अवस्थामा निज प्रतिवादी माङ्ली नेपालीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

प्रतिवादी विवाहित भए पनि लोग्नेबाट परित्यक्त भै माइत बसेको अवस्थामा परपुरूषसँग यौन सम्पर्क कायम राख्दा गर्भधारण भै जातक जन्मिएको हुँदा लोकलाजको भयले बच्चालाई जीवित राख्नु भन्दा मार्नु श्रेयस्कर ठानी उक्त जातक मारिएको अवस्था मिसिलबाट देखिन्छ । यस्तो अनिच्छित गर्भ भए कानूनबमोजिम नै गर्भ पतन समेत गर्न सकिने भए पनि त्यस्तो सेवा उपभोग गर्न समेत नसकेको अवस्थामा जन्मेको जातक नै मार्नेसम्मको कठोर परिस्थितिबाट प्रतिवादी गुज्रेको देखिन आउँछ । यस्तो कार्य स्वयंममा अवैध र संवेदनशील हुँदाहुँदै पनि प्रतिवादीको स्थिति हेर्दा प्रस्तुत कसूरको लागि पूरै सजाय गर्दा चर्को पर्ने र अपराध गर्दाको स्थिति एवं प्रतिवादीको स्थिति विचार गर्दा प्रतिवादीलाई कैद वर्ष ५ मात्रै गरे पनि कसूरको उद्देश्य हासिल हुन सक्ने न्यायको रोहमा देखिने हुनाले निज प्रतिवादी माङ्ली नेपालीलाई अ.बं. १८८ नं. बमोजिम कैद वर्ष ५ (पाँच) सजाय हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल पुस २१ गते रोज ४ शुभम् ।

३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६५ सालको CR-००६९, ज्यान मार्ने उद्योग, *श्यामकुमार श्रेष्ठ वि. नेपाल सरकार*

घा जाँच केश फारामबाट चोटको प्रकृति सामान्य रही कुटपीटसम्म भएको पुष्टि भएको अवस्थामा पुनरावेदक प्रतिवादीले कुटपीट नै नभएको भनी पुनरावेदन जिकीर लिए पनि मिसिल संलग्न कागज प्रमाणबाट कुटपीट नै नभएको भन्न सकिने अवस्था देखिन्न । यस्तो अवस्थामा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ मा ज्यान मार्ने उद्योग नदेखिए त्यस्तो अभियोगको कसूरलाई कुटपीटमा परिणत गर्न सक्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल माघ २ गते रोज १ शुभम् ।

४

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६३ सालको CR-०५०९, सवारी अंगभंग, *नेपाल सरकार वि. भाजुनारायण नकर्मी*

प्रतिवादीले चलाएको मोटरसाइकल दुर्घटना भई विष्णुप्रसाद दुलाल घाइते भएको र उपचारपश्चात् स्थितिमा सुधार हुदै गएको वास्तविक तथ्य र प्रमाणका आधारमा प्रतिवादी भाजुनारायण नकर्मीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२(१) बमोजिम रू. ५,०००।- (पाँच हजार) जरीवाना हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल भदौं १७ गते रोज ५ शुभम् ।

५

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** २०६३ सालको WO-०२७२, उत्प्रेषणयुक्त परमादेश, *रमेशनाथ बास्तोला वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*

एक पटक एउटा कानूनबमोजिम स्थापित सार्वजनिक सेवामा कार्य गरी लाभ ग्रहण गरिसकेपछि सँगसँगै (Simultaneously) सडक विभागमा पनि कार्य गरिरहको भनी अनुमान समेत गर्न नमिल्ने हुन्छ । त्यसरी अन्यत्र कार्य गरी पाउनु पर्ने लाभ सुविधा प्राप्त गरिरहेको अवस्थामा सडक विभागमा अनुपस्थित अवधिको पनि तलव भत्तालगायतको लाभ दिने भनी निर्णय गर्ने हो भने नगरेको कार्यको लाभ दिने वा तोकिएको पद बाहेक अन्य सेवा वा पदमा पनि कार्य नगरी दोहोरो तेहरो लाभ लिन पाउने गरी सरकारी सेवाको कर्मचारीको हकमा अनुमति दिएको देखिन आउने हुन्छ । यसले निवेदक जस्तो अवस्थाका व्यक्तिलाई विशेष प्राथमिकता वा सुविधाको वर्गमा राखेको परिणाम सिर्जना हुने र अन्ततः सेवासम्बन्धी कानून र संस्कृतिमा व्यवधान समेत आउन सक्ने हुन्छ । तसर्थ पुनर्वहालीको कारणले मात्रै बर्खास्ती पछि पुनर्वहाली हुँदासम्मको बीचमा अन्य सार्वजनिक सेवामा गरेको काम त्यसबाट प्राप्त गरेको लाभको अनदेखा गर्न नमिल्ने र सोको अतिरिक्त एकै समयमा दुई भिन्न सेवाअन्तर्गतको भिन्न पदको अधिकार सिर्जना गरेको मान्न नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल पुस १८ गते रोज १ शुभम् ।

६

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** ०६४-WO-०७९८, उत्प्रेषण, प्रतिषेध, *मोलहे लोध वि. भूमिसुधार कार्यालय, बर्दिया समेत*

निवेदकले विवादित जग्गाबाट आफ्नो हकको मोही लगत कट्टा भएको निर्णय समेतको जानकारी पाएको पक्का प्रमाण नभइकन निर्णय मिति २०४८।११।९ बाटै उचित समयभित्र उजूर गरिसक्नु पर्ने अन्यथा बिलम्बको सिद्धान्त आकर्षित हुन्छ भनी अर्थ गर्न मिल्दैन । किनकी निवेदकले आफू मोही हकबाट बञ्चित भएको कुराको जानकारी पाएको पक्का प्रमाणको आधार लिई आफ्नो हकको सुरक्षार्थ अदालत प्रवेश गरेको देखिँदा यस्तो अवस्थामा बिलम्बको सिद्धान्त लागू हुने अवस्था नहुँदा निवेदकको मागबमोजिमको भूमिसुधार कार्यालय बर्दियाले मोही हक समाप्त गर्ने गरी मोही लगत कट्टा गर्ने गरेको मिति २०४८।११।९ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । मिति २०४८।११।९ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहरेकोले निवेदन माग दावीबमोजिम कानूनबमोजिम स्थापित भएको मोही हक यथावत् कायम हुने परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६७ साल फागुन ११ गते रोज ४ शुभम् ।

७

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६५ सालको MS-००१३, अपहेलना, *मनोरमा श्रेष्ठ वि. मीरा बज्राचार्य*

अन्तरिम आदेश जारी भएको जानकारी प्राप्त नहुँदै वा निजका नामको निर्माण कार्य नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी भएको म्याद तामेल हुनु अगावै आफ्नो स्ववासी जग्गामा कानूनबमोजिम नक्सा पास गरी घर निर्माण कार्य सम्पन्न गरिसकेको तथ्य स्थापित भएको परिस्थितिमा अदालतको अपहेलना भएको नदेखिने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल फागुन ११ गते रोज ४ शुभम् ।

८

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६५ सालको WO-०२८४, उत्प्रेषणयुक्त परमादेश, *मनोरमा श्रेष्ठ वि. रामलाल महर्जन समेत*

मूल्य निर्धारण गर्दा जग्गाधनीलाई थाहा नदिएको भन्ने निवेदन दावी भए पनि भूमिसुधार अधिकारी एक्लैले मूल्य निर्धारण गरेको नभई मूल्य निर्धारण समितिबाट चलन चल्तीको प्रचलित मूल्य निर्धारण भएको भन्ने नै देखिन्छ । विवादित जग्गाको पूरै क्षेत्रफलमा मोहीको घरवास रहेकोले बाँडफाँड गर्न नमिल्ने भएपछि भूमिसुधार कार्यालयले जग्गाको मूल्य निर्धारण समितिबाट मूल्य निर्धारण गराई जग्गाधनीको हक हिस्साको हुने मूल्य जग्गाधनीलाई दिलाउने गरी भूमिसुधार अधिकारीले कि.नं. ८६५ को घर जग्गा पूरै मोही लगत कट्टा गरी जग्गाधनी दर्ता स्रेस्ता रामलाल महर्जनको हुने गरी मिति २०६४।२।१७ मा गरेको निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान नदेखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल फागुन ११ गते रोज ४ शुभम् ।

९

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा. डा. श्री भरतबहादुर कार्की,** २०६७ सालको WO-०५२८, उत्प्रेषण समेत, *किरणप्रसाद रेग्मी वि. सामान्य प्रशासन मन्त्रालय, कर्मचारी प्रशासन शाखा समेत*

आनन्द चपाईको सरूवा रोकी पूर्ववत कायम राखी निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ बमोजिम बढुवा भई परिस्थितिमा अन्तर परिरहेको र जुन पदमा किरण रेग्मीको सरूवा भएको भनेको हो अब सो पद जनस्वास्थ्य कार्यालयमा खाली नरहेको भनेको स्थितिमा मिति २०६६।१०।२८ को निर्णयबमोजिम भएको सरूवा कार्यान्वयन हुन सक्ने अवस्था नहुँदा निवेदकलाई सरूवा पूर्वकै पदमा पदस्थापना हुने गरेको निर्णयमा हस्तक्षेप गर्न उचित र व्यवहारिक समेत नदेखिँने ।

निवेदकले माग गरेको जनस्वास्थ्य कार्यालय बाँकेमा खरिदार पद नै कायम नरहने गरी ना.सु. पदमा निजामती सेवा ऐन, २०४९ को दफा २४१घ

बमोजिम आनन्द चपाईको बढुवा भैसकेको भन्ने देखिएको र निवेदकको कुनै कानूनी हक हनन् भएको स्थिति नरहेकोले निवेदकको मागबमोजिम आदेश जारी गर्न नमिली प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल फागुन ५ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६६ सालको WO-०८४८, उत्प्रेषण परमादेश, *आनन्द चापाई वि. सामान्य प्रशासन मन्त्रालय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१०

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा. डा. श्री भरतबहादुर कार्की,** २०६७ सालको WO-०११९, उत्प्रेषणयुक्त परमादेश, *त्रिलोक चन्द विश्वास वि.क. समेत वि. समाज कल्याण परिषद्, केन्द्रीय कार्यालय*

समाज कल्याण परिषद् ऐन, २०४९ को दफा २० मा निलम्बन र विघटन गर्ने कार्य नेपाल सरकारद्वारा परिषद्को सिफारिशको आधारमा मात्र गर्नसक्ने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । नेपाल सरकारबाट परिषद्को सिफारिशमा सो संस्थाको निलम्बन वा विघटन गरेको अवस्था पनि देखिँदैन । नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ शाखा धनगढी कैलालीको जिल्ला कार्य समितिको विवादको निरोपण परिषद्ले सीधै गर्न सक्ने र परिषद्को निर्णयबाट विधानसम्मत् संस्थाको केन्द्रीय कार्यालयको निर्णयमा प्रतिस्थापन गर्न सक्ने समेत देखिएन । त्यस्तो स्थितिमा निवेदकको मागबमोजिम समाज कल्याण परिषद्को मिति २०६७।३।२५ को निर्णय र सो निर्णयका आधारमा भएका पत्राचार र सो पत्राचारको आधारमा जिल्ला प्रशासन कार्यालयको मिति २०६७।३।३० को आर्थिक कारोवार बन्द गर्ने भनी भए गरेका पत्राचारहरू समेतको कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदक केन्द्रले गठन गरेको तदर्थ समितिलाई यथावत रूपमा काम गर्न दिनु र संस्थाको रोक्का रहेको आर्थिक कारोवार समेत फुकुवा गरी सञ्चालन गर्न दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश समेत जारी हुने ।
इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
इति संवत् २०६७ साल पुस १९ गते रोज २ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६६-CI-०६१६, धितो रोक्का बदर, *राधेश्याम बारी वि. घनश्याम बारी*

कित्ता नं. ७९ को ०-७-१८ जग्गामध्ये बीचमा ०-५-१८ जग्गा २०६४।२।२८ को मिलापत्रबाट मात्र वादी घनश्याम बारीको हक पुगेको देखिएको अवस्थामा उक्त कि.नं. ७९ को ०-७-१८ मध्ये बीचबाट ०-५-१८ जग्गा र कृषि विकास बैंकको च.नं. ११५१, मिति २०६२।१०।१७ को पत्रमा कित्ता नं. ३३० को ०-२-१७ जग्गा उल्लेख नगरेको हुँदा सो हदसम्म कपिलवस्तु जिल्ला अदालतको फैसला केही उल्टी भै कित्ता नं. ७९ को वादीको हकको ०-५-१८ जग्गा एवं कि.नं. १३ र ३५४ का जग्गाहरूमा रहेको वादीको हकको धितो रोक्का बदर हुने ।
इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः सुदीप पंञ्जानी
इति संवत् २०६८ साल कात्तिक १३ गते रोज १ शुभम् ।

२

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री गिरीश चन्द्र लाल,** ०६५-CI-०६९०, निकास खुलाई चलन चलाई पाऊँ, *शत्रुघनप्रसाद कुर्मी वि. रंगीलाल कुर्मी समेत*

प्रस्तुत मुद्दामा विवादित जनिएको न.नं. १४ को इनारलाई अपुताली मुद्दाको नक्सा मुचुल्कामा नक्सा नं. ३५ जनिएकोमा मेरो जग्गाभित्र मैले बनाएको कुवा भन्ने वादी र सार्वजनिक कुवा भन्ने प्रतिवादी भएकोमा उल्लिखित अपुताली मुद्दामा पुनरावेदन अदालत, नेपालगञ्जबाट २०५४।३।१७ मा मिलापत्र हुँदा बाँके जिल्ला, साईगाउँ गा.वि.स. वडा नं. ४ मा गाउँ ब्लकबाट नापी हुँदा म बुद्धिलाल कुर्मीका नाउँमा नापी भएको कि.नं. ४९ को घर जग्गादेखि उत्तरमा बाँके जिल्ला अदालतबाट २०५१।२।२७ मा भएको नक्सा नं. १५ मा उल्लिखित पू.पं. ८९ फीट ९ ईञ्च, उ.द. १० फीट ६ ईञ्च नाप भएको निकास बाटोमा वादी प्रतिवादी दुबै

थरले उपभोग गर्ने सो बाटोभित्र रहेको ढोड ढोका र अन्य सामान समेत प्रतिवादीले हटाई दिने सो बाटोमा दुबै थरीले कुनै सामान राख्न नपाउने भन्ने समेत व्यहोरा उल्लेख भएको देखिन्छ। उक्त मिलापत्रमा प्रस्तुत मुद्दाको विवादित न.नं. १४ को इनारको सम्बन्धमा केही उल्लेख भएको देखिएन। सो नदेखिएबाट विवादित इनार प्रस्तुत मुद्दाका प्रतिवादीको भए सो मिलापत्रबाट आफ्नो हक सुनिश्चित गर्नुपर्नेमा सो गर्न नसकेबाट मिलापत्रमा उल्लिखित कुराहरू बाहेकको अन्य कुरामा उक्त अपुताली मुद्दामा वादीले दावी छाडेको मान्नुपर्ने।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल कात्तिक १३ गते रोज १ शुभम्।

- यसै लगाउको ०६५-CI-०६९१, निकास खुलाई चलन चलाई पाऊँ, *शत्रुघनप्रसाद कुर्मी वि. देशराम कुर्मी समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री गिरीश चन्द्र लाल**, २०६५-CI-०५८२, नयाँ गौंडा हटाई कुलोपानी खिचोला मेटाई हक कायम चलन चलाई पाऊँ, *बेलमाया आले समेत वि. लुलबहादुर थापा मगर*

नक्सा मुचुल्का हेर्दा न.नं. १४ विवादित पानी लगाउने गौंडा न.नं. १५ प्रतिवादी लुलबहादुर थापा मगरको कि.नं. २२५ को खेत जग्गामा पानी लगाउने गौंडा, न.नं. १६ प्रतिवादी लुलबहादुर थापा मगरको कि.नं. २२५ को खेत जग्गा, न.नं. २८ यिनै वादी प्रतिवादी भएको सार्वजनिक जग्गा खिचोला मेटाई सार्वजनिक घोषित गराई पाऊँ भन्ने मुद्दाको विवादित कि.नं. २६१ को जग्गा उल्लेख भएको पाइन्छ। यसरी न.नं. २८ को जग्गा बाहेक विवाद नपरेको प्रतिवादीको कि.नं. २२५ को जग्गामा र वादीहरूको जग्गामा समेत कि.नं. २६१ को खोलाबाटै सिंचाई हुने भन्ने देखिन्छ। यस स्थितिमा प्रतिवादीले सार्वजनिक जग्गा आवाद गरी सो जग्गामा समेत पानी पटाएको पुष्टि भएको अवस्थामा सार्वजनिक जग्गा आवाद गरी नयाँ गौंडा बनाई साविकदेखि उपभोग गरी आएको पानीलाई असर पुग्ने गरी प्रतिवादीले लगाएको पानी गौंडालाई मान्यता दिन नमिल्ने।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल कात्तिक १३ गते रोज १ शुभम्।

४

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री गिरीश चन्द्र लाल**, २०६६-CI-०८६५, जग्गा हक कायम फिर्ता, *सुनरादेवी कान्दु वि. प्रेमनाथ कान्दु*

प्रतिवादी सुनरा कान्दुले वादी प्रेमनाथ कान्दुको आमा रामरती कान्दूलाई २०२८।६।२६ मा तत्कालीन कपिलवस्तु जिल्ला मालबाट पारित गरिदिएको मिसिल संलग्न राजीनामाको प्रतिलिपि हेर्दा तप्पे धनौरा मौजे गोटीहवा गाउँ पञ्चायतअन्तर्गत वडा नं. ४ मौजे गोटिहवाको रै.नं. ६७ को जिमिदारी सुनरादेवी कान्दुनी दर्ताको जग्गा विगाहा ३।।।१।।२, तिरो रू. १९५।३३ भनी उल्लेख भएको देखिन्छ। यसरी राजीनामाको लिखतमा नै मौजे गोटिहवाको रैं.नं. ६७ को ज.वि. ३।।।१।।२ भनी प्रष्ट उल्लेख भएको पाइन्छ भने उक्त गोटिहवाको रै.नं. ६७ को जग्गा बाहेक सो मौजामा सुनरादेवी कान्दुनीको जग्गा रहेको भनी प्रतिवादीले प्रतिउत्तर जिकीर लिन सकेको अवस्था समेत देखिँदैन। यस स्थितिमा एक पटक राजीनामा गरिसकेको सोही रै.नं. ६७ को विवादित जग्गा निज दाताले आफ्नो नाउँमा दर्ता गर्न नमिल्ने।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल कात्तिक १३ गते रोज १ शुभम्।

५

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री प्रकाश वस्ती,** २०६६ सालको मुद्दा नं. CI-०२७८, परमादेश, *डा. ठाकुरराज अधिकारी वि. बलभद्र वाग्ले समेत*

स्तर वृद्धि भएको सातौं तहबमोजिमको पदनाम पाउन निवेदन माग दावी भए पनि सोही स्वास्थ्य सेवा ऐनको दफा ९ को उपदफा (७ग) मा स्तरवृद्धि गरिएका कर्मचारीहरूलाई योग्यताको आधारमा सम्बन्धित समूहमा समूहीकृत गरिने भन्ने कानूनी व्यवस्था माथि नै उल्लेख गरिसकिएको छ। सातौं तहको लागि आवश्यक पर्ने न्यूनतम् शैक्षिक

योग्यता आफूमा रहेको भनी निवेदकले देखाउन नसकेको अवस्था हुँदा योग्यताको आधारमा मात्र सम्बन्धित समूहमा समूहीकृत गर्ने भन्ने कानूनी व्यवस्थाको विपरीत पदनाम दिन सकिने अवस्था रहँदैन । पदनाम दिनु भनेको पदअनुसारको काम गर्न दिनु पनि हो । तर यी विपक्षीहरूले सातौं तहको आयुर्वेद चिकित्सकले गर्ने काम गर्न सक्ने होइनन्, सो काम गर्न पाउने पनि होइनन् । यस्तो अवस्थामा आयुर्वेद चिकित्सकको पदनाम दिनुको कुनै औचित्य नहुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल जेठ २४ गते रोज ३ शुभम् ।

६

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री प्रकाश वस्ती,** २०६७ सालको रि.नं. (WH)-००७४, बन्दीप्रत्यक्षीकरण, *मनोजकुमार समेत वि. राजश्व अनुसन्धान विभाग समेत*

निवेदकहरू स्वेच्छापूर्वक ढंगले थुनामा रहेको नभई अनुसन्धान अधिकारीको आदेशानुसार माग गरेको धरौट रकम दाखिला गर्न नसकेको कारण थुनामा रहेको देखिएको हुँदा निवेदकहरूले माग गरेको धरौट राखेमा तारिखमा रहन सक्ने अवस्था जहिलेसुकै पनि खुल्ला रहेको देखिने ।

राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ११(१)(ग) ले अनुसन्धान अधिकृतलाई अनुसन्धान तथा तहकीकात गर्दा अभियुक्तलाई तारेखमा राख्ने धरौटी वा जमानी लिई छाड्ने वा धरौटी राख्न वा जमानी दिन नसकेमा थुनामा राख्ने बारे सोही प्रचलित कानूनबमोजिम मुद्दा हेर्ने अधिकारीलाई भए सरहको अधिकार हुने व्यवस्था गरेको र सोही ऐनको प्रयोग गरी निजहरूबाट धरौट माग गरेको देखियो । निवेदकहरूलाई मिति २०६८।१।५ मा राजश्व चुहावटको अभियोगमा राजश्व अनुसन्धान विभागबाट अनुसन्धानको सिलसिलामा थुनामा राखेको देखिए पनि हाल मिति २०६८।१।२७ को आदेशानुसार माग भएको धरौट दाखिल गर्न नसकी थुनामा बसेको स्थिति एकातर्फ देखिन्छ भने निवेदकहरूलाई काठमाडौं जिल्ला अदालतमा पेश गरी अनुसन्धानका लागि म्याद थप गराएको पनि देखिँदा अनुसन्धान अधिकारीलाई कानूनले दिएको अधिकार प्रयोग गरी निवेदकहरूबाट धरौट माग भएकोमा मागबमोजिमको धरौट दिन नसकी थुनामा बसेको अवस्थालाई निवेदन दावीबमोजिम गैरकानूनी थुनामा रहेको भन्न नमिल्ने ।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः भवानी ढुंगाना

इति सवत् २०६८ सालको जेठ २ गते रोज २ शुभम् ।

७

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५ सालको WO-०१२५, उत्प्रेषण समेत, *शैलेन्द्रकुमार मिश्र वि. जिल्ला प्रहरी कार्यालय, सर्लाही समेत*

निवेदकले आफू कार्यरत् प्रहरी चौकीमा प्रहरी कर्मचारीहरूको तलव भत्ता तथा राशन बुझी लिन भनी गएको, तर ज्वरो आई घरमा गई आराम गरेको कुरा रिट निवेदनमा समेत उल्लेख गरेको पाइन्छ । साथै प्रहरी कार्यालयबाट निज अनुपस्थित रहेको कारण निजका नाउँमा उपस्थित हुने म्याद जारी भएपछि मात्र ३७ दिनपछि कार्यालयमा हाजिर हुन गएको भन्ने निवेदकको भनाई एवं प्रहरी कार्यालयको जवाफ रहेको देखिन्छ । प्रहरी नियमावली, २०४९ को नियम ८८ मा नोकरीबाट हटाउने वा बर्खास्त गर्न सक्ने व्यवस्था गरी देहायको अवस्थामा सजाय गर्ने अधिकारीले कुनै प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउने वा बर्खास्त गर्न सक्ने भनी देहाय (झ) मा मनासिब कारण नभई वा बिदा नलिई बिदा बसेमा वा गैरहाजिर भएमा भन्ने कानूनी व्यवस्था निर्णय पर्चामा दफा ८४ को देहाय (छ) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी निवेदकलाई जिल्ला प्रहरी उपरीक्षकबाट नोकरीबाट हटाउने गरी निर्णय पर्चा खडा गरेको देखिँदा निवेदकको कानूनी तथा संवैधानिक हकमा हनन् भएको स्थिति नदेखिने ।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल जेठ २ गते रोज २ शुभम् ।

८

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६५ सालको पुनरावेदन नं. CR-०६४९, भ्रष्टाचार, *शम्भुप्रसाद कोइराला वि. नेपाल सरकार*

प्रतिवादीले अख्तियार दुरूयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृतसमक्ष बयान गर्दा सन् १९९६ मा बिहार इन्टरमिडियट शिक्षा परिषद्, पटनाबाट प्राप्त गरेको प्रमाणपत्र प्राइभेट अध्ययन गरी प्राप्त गरेको र परीक्षा दिन जाँदा १५ दिन बिदा लिई गएको थिएँ । नक्कली प्रमाणपत्र पेश गरी बढुवाको सुविधा लिएको छैन भन्ने समेत बयान गरेको देखियो । प्रमाणपत्र साँचो हो भनी पुनरावेदक प्रतिवादीले बयान गरेको र मिसिल संलग्न बिहार इन्टरमिडियट एजुकेशन काउन्सिल पटनाद्वारा दिइएको भनिएको मार्कशिटमा शम्भुप्रसाद कोइरालाले आइ.एस्सी. प्रथम श्रेणीमा उत्तीर्ण गरेको भन्ने उल्लेख भएको देखिए तापनि मिसिल संलग्न Bihar Intermediate Education Council, Patna का तर्फबाट Dineshwar Paswan ले Higher Secondary Board Sanothimi Bhaktapur लाई लेखेको पत्रको क्रमसंख्या २ मा Shambhu Pd. Koirala Roll No. ११६६/१००२८, ppt ६८०८, भन्ने उल्लेख गर्दै Remarks मा Name and marks does not tally with record Result is incorrect fake and false भन्ने उल्लेख भएको पाइन्छ । सो पत्रमा पठाइएका अन्य व्यक्तिहरूको नतिजा समेत Fake र False भनी उल्लेख गरेको पाइन्छ । यसरी प्रमाणपत्र जारी गर्ने आधिकारिक निकायबाट विपक्षीले आफ्नो सक्कली भनी दावी लिएको प्रमाणपत्र झुट्टा (Fake र False) भनी उल्लेख भई आएका हुँदा प्रतिवादी शम्भुप्रसाद कोइरालाले शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र पेश गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ अनुसारको कसूर गरेको भन्ने देखिन आएकोले ऐ. ऐनको दफा १२ तथा २९ बमोजिम निजलाई रू. १५००।- जरीवाना हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल असार १९ गते रोज १ शुभम् ।

९

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री तर्कराज भट्ट,** रिट नं. ०६४-WO-०६७१, उत्प्रेषणयुक्त परमादेश, *प्रशन्न राजभण्डारी वि. नेपालगञ्ज नगरपालिका कार्यालय, नेपालगञ्ज समेत*

साविकदेखिको ढलको रूपमा बग्ने नाला चौडा गरी त्यसलाई सार्वजनिक ढलको रूपमा प्रयोग गर्ने गरी चालू गर्ने काम सम्पन्न भएकोले त्यसबाट यी निवेदिकाको कानूनी हकमाथि आघात परेको वा उक्त निर्णयलाई अनधिकृत वा गैरकानूनी निर्णयको संज्ञा दिन नमिल्ने ।

रिट निवेदनबाट बोल्दा जिल्ला अदालतमा विचाराधीन रहेको मुद्दामा हुने निर्णय प्रभावित हुने गरी बोल्न मिल्ने देखिएन । असाधारण अधिकारक्षेत्रबाट साधारण अधिकारक्षेत्रअन्तर्गत मातहत अदालतमा विचाराधीन मुद्दाको न्यायिक प्रक्रिया (कारवाही र निर्णय) प्रभावित हुने गरी निर्णय गर्न नमिल्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल असार १ गते रोज ४ शुभम् ।

१०

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री तर्कराज भट्ट,** २०६५ सालको WO-००१९, उत्प्रेषण, परमादेश, *गौरी मिश्र वि. पर्सा जिल्ला अदालत, वीरगञ्ज समेत*

अंश मुद्दामा विपक्षी सुकवारीदेवीले यी निवेदक गौरी मिश्र समेतलाई प्रतिवादी बनाएको र निजले निवेदकका नाममा रहेको विभिन्न ६ कित्ता जग्गा समेतबाट अंश पाउने ठहरी यी निवेदकलाई असर पर्ने गरी पर्सा जिल्ला अदालतबाट सो मुद्दामा मिति २०५६।६।९ मा फैसला भएको देखियो । उक्त मुद्दामा यी निवेदकका नाममा प्रतिउत्तर फिराउन मिति २०५४।८।१५ र तायदातीउपर उजूर गर्न मिति २०५५।१२।२५ मा तामेल भएको म्याद अ.बं. ११० नं. र ११२ को कानूनी व्यवस्थाअनुरूप तामेल भएको नदेखिई वेरीतपूर्वक तामेल भएको हुँदा त्यस्तो वेरीतको मिति २०५४।८।१५ र मिति २०५५।१२।२५ को निवेदकको नामको तामेली म्याद र सोको आधारमा भएको पर्सा जिल्ला अदालतको मिति २०५६।६।९ को फैसला एवं सो फैसलाको आधारमा भएको मिति २०५८।८।२९ को बण्डा मुचुल्का, मिति २०५८।९।२३ को तामेली आदेश, पर्सा जिल्ला अदालतबाट मालपोत कार्यालय पर्सालाई लेखिएको मिति २०५९।३।१६ को दा.खा. पत्र तथा मालपोत कार्यालय पर्साको मिति २०६५।२।२४ को टिप्पणी आदेशलगायतको कामकारवाही प्राकृतिक न्यायका सिद्धान्तविपरीत यी निवेदकको सम्पत्तिसम्बन्धी हक हनन् हुने गर्ने किसिमले कानूनविपरीत भएको हुँदा उत्प्रेषणको आदेशद्वारा बदर

हुन्छ । अब उल्लिखित २०५३ सालको दे.नं. २५१३ को अंश मुद्दा पुनः दर्ता गरी सोको सूचना वादीलाई पठाउनु र यी निवेदकका नाममा पुनः कानूनबमोजिमको इतलायनामा म्याद जारी गरी रीतपूर्वक तामेल गराई मुद्दा किनारा गर्नु भनी पर्सा जिल्ला अदालतका नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल असार १० गते रोज ६ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** २०६२ सालको दे.पु.नं. ८३४१ निर्णय लिखत बदर जग्गा नामसारी, *दुलई मुराउ वि. रामसुरत यादव*

दण्ड सजायको ४६ नं.बमोजिम बण्डा छुट्ट्याई लिनको लागि वादी पक्ष नै अदालत जानुपर्छ भन्ने वाध्यात्मक कानूनी व्यवस्था भएको पाइदैन । उक्त कानूनी व्यवस्थाबमोजिम कुनै पनि पक्षले पनि अंशबण्डा छुट्ट्याई पाऊँ भनी निवेदन दिन सक्ने ।

दण्ड सजायको ४६ नं. को व्यवस्थाअनुरूप नै बण्डा छुट्ट्याउनको लागि निवेदन दिनुपर्नेमा त्यसरी निवेदन नपरेमा सो म्याद व्यतीत भएपछि फैसलाले पाएको अंश भागको जग्गा प्रतिवादीले वादीको मञ्जूरी नलिइकन गरेको हक हस्तान्तरण कानूनअनुरूप नदेखिएकोले सोही विषयमा प्रस्तुत मुद्दा लिएर आउने हक वादीलाई छैन भन्न न्यायोचित नहुने देखिँदा वादीको फिराद दण्ड सजायको ४६ नं. विपरीत छ भन्ने प्रतिवादीको भनाई तर्कसंगत नदेखिने ।

वादीले अंश हकबापत् प्राप्त गरेको सम्पत्ति बण्डा छुट्ट्याई नलिएको कारण देखाई प्रतिवादीले त्यस्तो वादीको सम्पत्ति आफूखुशी नामसारी गरी बेचबिखन गर्न सक्ने हक अधिकार प्रतिवादीलाई कुनै कानूनले दिएको नदेखिँदा वादी दावीको सम्पत्ति वादीको अंश हकको सम्पत्ति देखिने ।

फैसलाबाट प्राप्त अंशहकलाई जहिले पनि निवेदन दिएर आफ्नो नाममा नामसारी गर्नको लागि दण्ड सजायको ४६ नं. ले स्पष्ट रूपमा रोक नलगाएको अवस्थामा नामसारी गरी आफ्नो नाममा दर्ता नगराएको अवस्थालाई मात्र आधार मानी अर्को पक्षले सो सम्पत्ति बेचबिखन गर्न पाउँछ भन्ने अर्थ गर्दै जाने हो भने सामान्य प्रक्रियाको त्रुटि देखाएर अंश हक जस्तो नैसर्गिक हकबाट बञ्चित हुनुपर्ने स्थिति देखापर्छ । बण्डा छुट्ट्याई लिन नसकेको भन्ने आधारमा मात्र वादीले फैसलाबाट पाएको अंशको जग्गा आफ्नो हक कायम गराई लिन पाउँदैन भन्न नसकिने हुँदा दावीबमोजिमको जग्गामा वादीले आफ्नो भागको अंश लिन पाउने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६८ साल बैशाख १२ गते रोज २ शुभम् ।

२

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री कमलनारायण दास,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०८२६, जग्गा खिचोला मेटाई चलन, *बिन्दू राई वि. हरिप्रसाद अधिकारी*

सर्भे नक्साका समयमा भएको नक्सा मुचुल्का समेतलाई हेर्दा जग्गाको भोग चलन र नक्साको आकृति प्रकृति समेत फरक पर्न आएको देखिन्छ । विपक्षीहरूले उल्लिखित जग्गा खिचोला नगरेको भए उक्त जग्गाको सर्भेअनुसारको नक्सा र भोगचलन तथा नक्साको आकृति प्रकृतिससमेत बिग्रेको स्थिति हुने थिएन । यसरी नक्सा मुचुल्काअनुसार भै आएको न.नं. ३ को जग्गा समेत प्रतिवादीमध्येकी बिन्दू राईले च्यापी मिची भोग चलन गरिरहेकोले पुनरावेदन जिकीर युक्तिसंगत देखिन आएन । प्रत्यर्थी वादीको जग्गा आफ्नो जग्गामा मिसाई पुनरावेदक प्रतिवादीले जग्गा खिचोला गरेको देखिने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल साउन २३ गते रोज २ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-WH-००१२, बन्दीप्रत्यक्षीकरण, *अतुल शाह वि. मल्लिका शाह समेत*

कुनै पनि बालबालिकाको पारिवारिक गच्छेअनुसार उत्तम शिक्षा, उचित लालनपालन र समुचित स्वास्थ्य सेवा नैसर्गिक कानूनी हक हुन् । यी हक उनीहरूलाई प्रदान गर्नु परिवार र अन्ततः राज्यकै कानूनी कर्तव्य हो । यी बालअधिकार र निजहरूप्रति सम्बद्ध पक्षलाई कर्तव्य पालन गराउन अदालत पनि त्यत्तिकै संवेदनशील रूपमा हुनुपर्ने ।

बन्दीप्रत्यक्षीकरणको विवादमा पक्ष र विपक्षको अहं तुष्टि भन्दा सम्बद्ध बालबालिकाको सर्वोत्तम हित र आफ्नो ईच्छा जाहेर गर्न नसक्ने यस्ता नाबालिगहरूलाई नेपाल कानूनद्वारा प्रत्याभूत अधिकार र बालबालिकासम्बन्धी महासन्धी, १९८९ द्वारा अभिनिश्चित घोषणाको पूर्ण रूपले परिपालन गराउन अदालत सदैव उद्यत रहने ।

बालबालिका सर्वोत्तम हितका प्रश्न अन्तरनिहीत रहने विवादमा दिइने आदेश वा निर्णय तत्काल प्राप्त आधारहरूको विश्लेषणमा आधारित हुन्छन् । बाबु आमाको यस पछाडिको क्रियाकलाप तथा नाबालिगको संरक्षकत्व ग्रहण गर्नेको पारिवारिक र आर्थिक स्थितिले नाबालिगको संरक्षकत्वका हकमा यथासमयमा प्रचलित कानूनबमोजिम उचित निर्णय लिन अदालत सदैव सक्षम रहने ।

बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने नदेखिए तापनि विद्यमान कानूनी व्यवस्था, निवेदक र विपक्षी मल्लिका शाहबीचमा सम्पन्न भएको सम्बन्ध विच्छेद्को मिलापत्र समेतलाई विचार गरी यस निवेदनमा निवेदकले उठाएको मूल प्रश्नका हकमा नाबालिका छोरी मनस्वी शाहलाई बाबु अतुल शाहले हेर्न भेट्न पाउनु पर्ने वा भेट्न दिनुपर्ने देखिन आयो । मुलुकी ऐन, लोग्नेस्वास्नीको महलमा उल्लिखित कानूनी व्यवस्थाअनुसार जोसुकैले पाले पनि नपाल्ने पक्षलाई बीचबीचमा भेटघाट गर्ने मौका दिनुपर्ने देखिन्छ । यसमा बच्ची आमाले पाल्ने मिलापत्र भएको र आमाकै तर्फबाट लालनपालन भइरहेको देखिँदा बाबु अतुल शाहलाई हेर्न भेट्न दिनुपर्ने कानूनी दायित्व यी प्रत्यर्थीहरूमा रहेको देखिन आयो । यस सम्बन्धमा के कसरी बाबु अतुल शाहलाई बच्ची मनस्वी शाहसँग भेट्न दिनुपर्ने सम्बन्धमा निवेदक एवं विपक्षीहरू दुबै पक्षले इजलाससमक्ष छलफलमा उठाएका समस्याहरूलाई समेत विचार गर्दा दुबै पक्षलाई निम्नानुसार निर्देशनात्मक आदेश जारी हुने :

१. बाबु अतुल शाहलाई छोरी मनस्वी शाहसँग चाडपर्व, पारिवारिक उत्सव समेतमा महिनामा सरदर एकपटक ३/४ घण्टाको अवधिसम्म भेटघाट गर्न र आफ्नो घरमा ल्याउन र घुमाउन लान प्रत्यर्थीहरूले दिनुपर्ने । यसरी भेटघाट गर्दा गराउँदाको अभिलेख राख्न प्रत्यर्थीहरूले प्रवन्ध गर्न सक्ने ।
२. विद्यालयमा समेत बच्चीलाई पढाइमा असर नपर्ने गरी महिनामा एकपटक भेट्न पाउने व्यवस्था प्रत्यर्थीहरूले मिलाउने ।
३. निवेदक बाबु अतुल शाहले बच्चीसँग सम्वादका लागि फोन गर्दा शनिवार तथा सार्वजनिक बिदाका दिन बिहान ७(सात) बजेपछि बेलुका ७(सात) बजेसम्म मात्र गर्नुपर्ने । बच्चीले लालनपालन र स्वास्थ्यको रेखदेखमा आमा मल्लिका शाह स्वयम् नै विशेष सक्रिय रहनु पर्ने ।
४. बच्चीको संरक्षकत्व प्राप्त आमा मल्लिका शाहको अगुवाईमा बच्चीको अध्यापन, स्वास्थ्योपचार र भरणपोषणको प्रवन्ध गर्नुपर्ने । यस कार्यमा बाबु अतुल शाहले समेत आर्थिक भार वहन गर्नुपर्ने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल भदौ २८ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री भरतराज उप्रेती,** ०६६-WO-०२२०, उत्प्रेषण, *नवजीवन कोअपरेटिभ्स लिमिटेड (सहकारी संस्था समेत) वि. श्रम अदालत समेत*

घर बिदा अस्वीकृत भएको पत्र पटक-पटक बुझाउन जाँदा समेत नबुझी अवज्ञा गरेको, हुलाकबाट पठाएको पत्र समेत नबुझी फिर्ता आएकोमा बिना सूचना लामो समयसम्म कार्यालयमा अनुपस्थित रहेको कारण खुलाई संस्थाको कर्मचारी प्रशासन नियमावली, २०५० को परिच्छेद् ७ को ७.४ अनुसार किन कारवाही नगर्ने ? सो सम्बन्धमा ७ दिनभित्र आफू अनुपस्थित हुनुको कारणसहित संस्थाको प्रधान कार्यालयमा उपस्थित हुनु होला अन्यथा तपाईलाई गयल खारेज गरी सेवाबाट बर्खास्त गरिनेछ भनी मिति २०६५।६।६ को सुदूर सन्देश राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएको देखिन्छ । प्रकाशित सूचनालाई विपक्षी टिकादत्तले नियमसम्मत् नरहेको र सो सूचना प्रकाशित भएको पत्रिका राष्ट्रिय दैनिक होइन भनी जिकीर लिए पनि सो पत्रिकाको हेडलाइनमा नै राष्ट्रिय दैनिक (National Daily) भनी उल्लेख गरेको पाइन्छ । यसरी उक्त सूचना प्रकाशित भएको सो पत्रिकामा नै राष्ट्रिय दैनिक भनी प्रष्ट रूपमा

लेखिएको अवस्थामा सोलाई अन्यथा भए विपक्षीले सबूद प्रमाण समेतबाट पुष्टि पुष्टि गर्नु पर्दछ । तर सोको पुष्टि गर्न नसकेको हुँदा पत्रिकाको स्तर सम्बन्धमा निज विपक्षीको लिखित जवाफ जिकीरको भरमा मात्र अन्यथा भन्न नमिल्ने हुँदा निवेदक नवजीवन सहकारी संस्थाको कर्मचारीको हैसियतले सो संस्थाबाट अलग रहने मनसाय व्यक्त गर्दै २०६५।६।१० का राजीनामा प्रेषित गर्ने विपक्षी टीकादत्त भट्टलाई पुनःसंस्थाको सेवामा पुनर्वहाली गर्ने श्रम अदालतको मिति २०६६।५।१ को निर्णय मिलेको नदेखिँदा उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृतः हरिराज कार्की

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल असार २३ गते रोज ५ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या. गिरीश चन्द्र लाल र मा.न्या. श्री भरतराज उप्रेती,** ०६५-CR-०७१९, ०६६-CR-००६४, ०६७-RC-००२३ कर्तव्य ज्यान, *गौरीशंकरप्रसाद शाह वि. नेपाल सरकार, राजेन्द्र सिँह राजपूत वि. नेपाल सरकार, नेपाल सरकार वि. अर्जुनदेव समेत*

प्रस्तुत मुद्दामा लाश भारतमा बरामद भएपछि मृतकका भतिजा ज्ञानेश्वर सिँहले २००३।१०।२४ तारेखमा रक्सौल थानामा प्राथमिकी (FIR) दर्ता गराएको देखिन्छ । भारतमा लाश फेला परेपछि त्यहाँ FIR दर्ता हुनु स्वाभाविक पनि देखिन्छ । त्यस प्राथमिकीको आधारमा भारतीय प्रहरीले अनुसन्धान शुरू गरेको देखिन्छ । सोही अनुसन्धानको क्रममा २००४।६।३० तारिखमा मृतक रामचन्द्र सिँहको हत्या नेपाल क्षेत्रमा नै भएको निष्कर्षमा पुगी उक्त मुद्दालाई उक्त मुद्दालाई "विपक्षी भूल" (Mistake of Law) को रूपमा लिई यससम्बन्धी अन्तिम प्रतिवेदन मोतिहारी न्यायालयमा २००४।६।३० तारेखमा पठाएको भन्ने मिसिल संलग्न प्रमाण कागजबाट देखिएको पाइन्छ । मिति २०६०।७६ मा राजवंशी राउतको रहरवारीमा भएको घटनास्थल मुचुल्कामा उल्लिखित व्यहोरालाई प्रतिवादी पक्षबाट खण्डन समेत गर्न सकेको पाइँदैन । सो मुचुल्कामा भएको व्यहोरालाई मोहन महरा वीरेन्द्र राउतको बकपत्रबाट समेत समर्थन गरिएको अवस्थामा त्यसलाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादीहरूले मृतकलाई घेरा हाली छुरा प्रहार गरेको आफ्नै आँखाले देखेको हो भनी घटनाका प्रत्यक्षदर्शी मोहन महराले जाहेरवालालाई भनेको कुरा जाहेरीमा स्पष्टसँग लेखाई दिएको पाइन्छ । घटना भएको बेला मोहन महरा चिच्याउँदै आई गौरीशंकर समेत भई रामचन्द्र सिँहलाई छुरा चक्कु प्रहार गरी मार्न लागेका हुन् भनी जानकारी दिएपछि उक्त स्थानमा पुग्दा प्रतिवादीहरूले निजलाई सोही ठाउँमा मारी लास बोकी भारततर्फ भागी गएको आफ्नै आँखाले देखेको भनी वीरेन्द्र राउत कुर्मीले भनेपछि सोको मौखिक जाहेरी दिई लाश खोज्न भारततर्फ गएको भनी दिएको जाहेरीलाई प्रत्यक्षदर्शीहरूले अदालतमा समेत पुष्टि गरी दिएको कुरालाई प्रतिवादीहरूले अन्यथा भन्न सकेको पाइदैन । मोहन महरा र वीरेन्द्र राउतको अभिव्यक्तिलाई अनुसन्धानको क्रममा बुझिएका सोभान मियाँ र नवीनकुमार सिँह समेतले बकपत्र गरी पुष्टि हुँदा मृतक रामचन्द्र सिँहको मृत्यु कर्तव्यबाट भएको कुरामा विवाद नभएको, निजको लाश भारतीय भूमिमा फेला परे पनि निजको हत्या मिति ०६०।७५ मा नेपालभित्र राजवंशी राउतको रहरबारीमा भएको उक्त कुरा जाहेरी दरखास्तको व्यहोरा, जाहेरवालाको अदालतसमक्षको बकपत्र एवं प्रत्यक्षदर्शीमध्येका मोहन महरा र वीरेन्द्र राउतले अदालतसमक्ष गरेको बकपत्र समेतको आधारमा पुष्टि भएकोले प्रतिवादीहरू गौरीशंकर प्रसाद साह, राजेन्द्र सिँह राजपुत, अर्जुन यादव, देवीलाल साह कानू, मुनीलला साह कानू, जोगेन्द्र सिँह राजपुत, हरेन्द्र सिँह राजपुत हनिफ मियाँ धुनिया र रामेश्वरप्रसाद साह कानूको हत्यामा प्रत्यक्ष संलग्नता देखिएकोले प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार जन्मकैद हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल भदौ ७ गते रोज ४ शुभम्

## इजलास नं. १०

१

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती,** २०६६ सालको WO-०१४५, परमादेश, *कृष्णप्रसाद अर्याल वि. हेटौंडा सिमेन्ट उद्योग लि.*

हेटौंडा सिमेन्ट कारखाना लिमिटेड नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको प्रतिष्ठान समेत भएको यस्तो अवस्थामा निजले जिकीर गरे जस्तो उक्त कारखानाको उद्योगबाट निस्कने धुलो नियन्त्रणका लागि Reserve Air Bag House System जडान गर्न आह्वान भएको बोलपत्रसम्बन्धी कारवाहीयुक्त अवस्था कायम रहेको भन्ने जवाफ सन्तोषप्रद देखिन आएन। प्रक्रियात्मक बिलम्ब सधैं अनन्त कालसम्म रहिरहन सक्ने पनि होइन, यदि प्रक्रियागत ढिलाई रहिरहने हो भने त्यसले मानव जीवनको स्वास्थ्यमा विकराल स्थिति पैदा हुन सक्ने हुन्छ। जसको कारण प्रदूषण कायम रहिरहने अवस्था अन्त्य हुन सक्दैन। तसर्थ हेटौंडा सिमेन्ट उद्योग लिमिटेडको लिखित जवाफ व्यहोरामा उल्लेख भएको Reserve Air Bag House System जडान गर्नेसम्बन्धी काम अविलम्ब सम्पन्न गर्नु वाञ्छनीय देखिँदा उक्त System सम्बन्धी जडान कार्यसम्पन्न गर्न जो जे गर्नुपर्ने हुन्छ सो आदेशप्राप्त भएको मितिले ६ महिनाभित्र सम्पूर्ण कार्य पूरा गरी उद्योगबाट निस्कने धुलो नियन्त्रण गर्नु भनी विपक्षी हेटौंडा सिमेन्ट कारखाना लिमिटेड समेतको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल चैत २४ गते रोज ५ शुभम्।

२

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती,** ०६४ सालको WO-०४४१, परमादेश, *नूर मोहम्मद मनिहार वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकले माग गरेको सार्वजनिक बिदा, समुदायको उत्थान र विकासको लागि मुस्लिम आयोग जस्ता विषय सरकारका नीतिगत विषय भएकोले र त्यस्ता कुराहरूको कार्यान्वयन गर्ने वा लागू गर्ने भन्ने कुरामा विपक्षीहरूको बचनबाट निवेदकले माग गरेको विषयवस्तुको सम्बन्धमा विपक्षीहरूबाट प्रतिवद्धता प्रकट गरिरहेको यस स्थितिमा निवेदकको हक हितमा कुनै प्रतिकूल असर परेको नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६७ साल चैत २४ गते रोज ५ शुभम्।

३

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री भरतराज उप्रेती,** २०६७ सालको CR-०३१८, कर्तव्य ज्यान, *सूर्यबहादुर राना वि. नेपाल सरकार*

प्रतिवादी सूर्यबहादुर रानाले आफू कुटपीटमा संलग्न नरहेको लाशसम्म फाल्न गएको भनी बयान गरे तापनि आफूले कुटपीट नगरेको कुरा विश्वसनीय एवं भरपर्दो प्रमाणबाट प्रमाणित गर्न सकेको देखिँदैन। केवल अदालतमा गरेको इन्कारी बयानकै आधारमा मात्र कसूरबाट रिहाई पाउने देखिएन। मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. मा एकभन्दा बढी व्यक्तिले कुटपीट गरेकोमा यसैको चोटले मरेको भन्ने कुरा देखिन नआएमा सबैलाई जन्मकैद गर्नु पर्दछ भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा यी सूर्यबहादुर राना समेतको कुटपीटबाट मृतक देवबहादुर के.सी.को मृत्यु भएको मिसिल संलग्न प्रमाण कागजबाट पुष्टि हुने।

प्रतिवादी सूर्यबहादुर रानाले पूर्वरिसइवी तथा जोखिमी हतियार समेत प्रयोग नभएको, वारदातको तथ्य कुरा देखाई बयान गरी न्यायिक प्रक्रियालाई सहयोग पुऱ्याएबाट समेत यी प्रतिवादी सूर्यबहादुर रानालाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुन न्यायोचित् हुने।

इजलास अधिकृतः विद्याराज पौडेल

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६८ साल भदौ २८ गते रोज ४ शुभम्।

४

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको CR-०८४३, कर्तव्य ज्यान, *महेश राजवंशी वि. नेपाल सरकार*

गर्भपतन गराउन नमानेकी र निजसँग विवाह गर्न यी प्रतिवादीले नचाहेको कारणले मृतकलाई मार्ने मनसायले एकान्त ठाउँमा लगी यी प्रतिवादी महेश राजवंशीले घाँटी थिची कर्तव्य गरी मारेको पुष्टि हुन आउँछ। यसरी प्रस्तुत मुद्दामा अपराधका आवश्यक तत्व आपराधिक मनसाय (Mens Rea) तयारी (Preparation) र आपराधिक कार्य (Actus Reus) सबै तत्व विद्यमान रहेको देखिदा यी प्रतिवादीले लिएको अन्यत्रोपरिस्थिति (Alibi) को जिकीर विश्वसनीय एवं भरपर्दो प्रमाणबाट प्रमाणित गर्न

सकेको देखिँदैन । केवल अदालतमा गरेको इन्कारी बयानकै आधारमा मात्र कसूरदारबाट रिहाई पाउने नदेखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम प्रतिवादी महेश राजवंशीलाई सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः विद्याराज पौडेल

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६८ साल भदौ २८ गते रोज ४ शुभम् ।

५

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री भरतराज उप्रेती,** २०६० सालको WO-०११८, २०६० सालको FN-१३३०, उत्प्रेषण परमादेश, *प्रतिभा मगर वि. आनन्दकुटी बिहार (गुठी) समेत*

संस्था दर्ता ऐन, २०३४ को दफा ५(२) अनुसार कुनै पनि संस्थाले व्यक्ति सरह चल अचल श्रीसम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्ने नै देखिन्छ । संस्थाको नाममा गुठी भन्ने शब्द राखिँदैमा सो संस्था मुलुकी ऐन, गुठीको महल वा गुठी संस्थान ऐन, २०३३ अन्तर्गतको संस्था भन्ने पनि हुँदैन । यसरी साविक स्रेस्ता तथा लिखत समेतबाट विवादित जग्गा गुठीको नरहेकोमा संस्थाले प्रयोग गरेको लेटर प्याडको आधारमा कार्यालयको भूलबाट स्रेस्तामा "गुठी" शब्द थपिन गएको अवस्थामा त्यस्तो जग्गालाई गुठीको भनी मान्न मिल्दैन । यसका साथै विवादित जग्गको सर्भे नापीको फिल्डबुक र दाताले गरिदिएको छोडपत्र समेतका लिखतबाट विवादित जग्गा गुठीको जग्गा भन्ने देखिन नआउने ।

विवादित कि.नं. २०९ को जग्गाको साविक फिल्डबुक तथा दाताले गरिदिएको मिति २०२५।१२।३ को लिखत समेतबाट विवादित जग्गा गुठीको भन्ने नदेखिएको र दाताले निजी व्यक्ति सरहको संस्था आनन्दकुटी बिहारलाई दान दिएकोमा मालपोत कार्यालयको भूलबाट सो जग्गाको स्रेस्तामा आनन्दकुटी बिहार गुठी लेखिन गएकोले स्रेस्तामा रहेको "गुठी" भन्ने शब्द हटाई स्रेस्ता अद्यावधिक गर्ने गरी भएको मालपोत कार्यालय र जिल्ला प्रशासन कार्यालय, काठमाडौंको निर्णयले यी रिट निवेदिकाको हक हितमा कुनै प्रतिकूल असर परेको नदेखिनुका साथै निजको प्रस्तुत विवादमा सार्थक सम्बन्ध रहेको समेत नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

इति संवत् २०६७ साल भदौ १ गते रोज ५ शुभम् ।

६

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको फौ.पु.नं. ०३१२, फौ.पु.नं. ०७८१, जवर्जस्ती करणी, *प्रदीप खड्का वि. नेपाल सरकार, नवीन खड्गी वि. नेपाल सरकार*

प्रतिवादीहरूले यौन सम्पर्क गर्दा पीडित महिलाको इच्छाविरूद्ध जवर्जस्ती तरिकाले सामुहिक रूपमा गरेको भन्ने कुरा प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको साविती बयान र निजहरूउपरको किटानी जाहेरी, पीडितको कागज र सो कागजलाई समर्थन हुने गरी पीडितले गरेको बकपत्र, पीडितको दायाँ बायाँ तिघ्रामा ३, ४ ठाउँमा र देब्रे पाखुरामा समेत नीलडाम देखिएको भन्ने शारीरिक परीक्षण प्रतिवेदन समेतबाट पुष्टि भइरहेको अवस्थामा प्रतिवादीहरूलाई जनही १० वर्ष कैदको सजाय गर्ने र आधा अंश समेत पीडितलाई भराइ दिने ।

इजलास अधिकृतः विद्याराज पौडेल

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६८ साल भदौ २८ गते रोज ४ शुभम् ।

७

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको रि.नं. WO-१०३०, उत्प्रेषण, परमादेश, *जयमंगलप्रसाद समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकहरूले आफूहरू जिल्ला विकास समितिमा कार्यरत् कर्मचारी हौं भनी जिकीर लिन सकेको देखिँदैन भने निवेदनमा उल्लिखित मन्त्रिपरिषद् तथा स्थानीय विकास मन्त्रालयबाट गरिएका निर्णय तथा परिपत्रहरूबाट निवेदकहरूलाई अहित हुने कुनै कार्य भएको पनि देखिँदैन । निवेदनमा उल्लिखित विषयवस्तुसंग निवेदकहरूको सार्थक सम्बन्ध (Meaningful Relation) रहेको समेत देखिंदैन । निवेदनमा उल्लिखित विषयवस्तु सरकारद्वारा सर्वसाधारणलाई प्रदान गरिने सेवालाई नियमित राख्नको लागि आवश्यकताको सिद्धान्तअनुरूप व्यवस्था गरेको हुँदा यस्तो विषयवस्तुलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिमको सार्वजनिक सरोकारको विषय मान्न मिल्ने नदेखिएकोले मागबमोजिम उत्प्रेषणको तथा परमादेशको आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

इति संवत् २०६८ साल साउन १९ गते रोज ५ शुभम् ।

८

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री तर्कराज भट्ट,** २०६६-CI-१०५९, मोही प्रमाणपत्र पाऊँ, *जहदु दास थारू भन्ने जहदु माझी वि. रेणुकाकुमारी थारू*

१ नं. मोही लगत, २ नं. अनुसूची, गा.वि.स. बाट भैआएको सरजमीन मुचुल्का, मोहीले कूतबालीबापत् भूमिसुधार कार्यालय, काठमाडौंमा राखेको धरौटी र प्रतिवादी स्वयंले वादीलाई मोही हकबापत ज.वि. ०-३-० जग्गा दिन सहमत भई घरसारमा गरिदिएको लिखत समेतबाट वादीले कि.नं. ९९ को जग्गा मोहीको हैसियतले कमाउँदै आएको देखिन्छ। प्रतिवादीले जिकीर लिएको मिति २०६३।३।३२ को मोही हक छाड्ने निवेदनमा समेत कि.नं. ९९ को मोही हकवापत ज.वि. ०-३-० जग्गा लिई बाँकी जग्गामा मोही छोडपत्र गर्ने भन्ने लेखिएको र प्रतिवादीले साविक कि.नं. ९९ को हाल कि.नं. २२६ बाट वादीलाई घरसारमा गरिदिएको लिखतमा समेत मोहीहकवापत भनी लेखिएका मिसिल संलग्न प्रमाणबाट देखिँदा प्रतिवादी जग्गाधनीले वादीलाई मोही स्वीकार गरेकै अवस्थामा वादीलाई कि.नं. ९९ को मोही होइनन् भन्न नमिल्ने।

मोही प्रमाणपत्र पाउने नपाउने सम्बन्धमा निर्णय नगरी केवल मोहीहक छाड्ने निवेदन दिई सनाखत गरेको भन्ने आधारमा मात्र वादीले मोही प्रमाणपत्र पाउन नसक्ने भन्न नमिल्ने हुँदा वादीको कि.नं. ९९ को ज.वि. १-११-७ मा मोही हक प्रमाणपत्रको दावी भएको तर नयाँ नापीमा उक्त कि.नं ९९ समावेश भएको हाल कि.नं. २२६ मा क्षेत्रफल १८१३३ वर्गमिटर भएको हुँदा कि.नं. ९९ को ज.वि. १-११-७ को हदसम्म दावीको जग्गामा वादीले मोही प्रमाणपत्र पाउने।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६८ साल बैशाख २३ गते रोज ६ शुभम्।

९

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री कमलनारायण दास,** २०६४ सालको CR-०२७८, जवर्जस्ती करणी, *नेपाल सरकार वि. प्रकाश सिँह ठगुन्ना*

प्रतिवादी प्रकाश सिँह ठगुन्नाले नविना लामालाई जवर्जस्ती करणी गरेको भन्ने नदेखिई दुईजना बीच आपसी सहमतिबाट करणी लिनुदिनु भएको भन्ने देखिनुको साथै पीडित भनिएको नविना लामाको उमेर वारदात मितिमा १६ वर्ष पुगिसकेको भन्ने देखियो। यसरी प्रतिवादी प्रकाश सिँह ठगुन्ना र १६ वर्ष काटिसकेको नविना लामाबीच राजीखुशीले करणी लेनदेन भएको क्रिया मुलुकी ऐन, जवर्जस्ती करणीको महलको १ नं. ले परिभाषित गरेअनुसार जवर्जस्ती करणीको अपराधभित्र पर्ने नदेखिने।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल साउन १५ गते रोज १ शुभम्।

१०

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री भरतराज उप्रेती,** २०६७ सालको रिट नं. ००८९, उत्प्रेषण, परमादेश, *बामो भन्ने बमनी थरूनी वि. भूमिसुधार कार्यालय, बर्दिया समेत*

भूमिसुधार कार्यालयले गरेको निर्णयउपर ३५ दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५५ ले गरेको पाइन्छ। उपरोक्त कानूनी व्यवस्थाअनुसार भूमिसुधार कार्यालयले गरेको निर्णयमा चित्त नबुझी ३५ दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्नुपर्ने वैकल्पिक कानूनी उपचारको बाटो छँदाछँदै सोलाई अवलम्बन नगरी यी रिट निवेदिका प्रस्तुत रिट क्षेत्रमा प्रवेश गरेको देखिँदा साधारण अधिकारक्षेत्र अन्तर्गतको भरपर्दो वैकल्पिक उपचारको विद्यमानतामा असाधारण अधिकारक्षेत्र आकर्षित हुन सक्ने नदेखिने।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६८ साल कात्तिक २४ गते रोज ५ शुभम्।

११

**मा.न्या. श्री भरतराज उप्रेती र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६४-WO-०२६८, उत्प्रेषण समेत, *विद्याकृष्ण श्रेष्ठ वि. चन्द्रप्रसाद दाहाल समेत*

होटल र्‍याडिसनको Employee Hand Book & Service Rules मा समेत प्रतिष्ठानको कामदार कर्मचारीलाई सजाय गर्ने अधिकार प्रतिष्ठानका ह्युमन रिसोर्सेज म्यानेजरलाई भएको भन्ने देखिएन। यसरी विपक्षी चन्द्रप्रसाद दाहाललाई खराब आचरणमा कारवाही प्रारम्भ गर्नेदेखि अवकाशसम्मको कारवाही प्रस्तुत विवादका रिट निवेदक होटलका ह्युमन रिसोर्सेज डिपार्टमेन्टका प्रवन्धकबाट भएको देखिएको तर निजलाई त्यस्तो कारवाही गर्नसक्ने कानूनी अख्तियारी भएको नदेखिएको एवं अधिकार

प्रत्यायोजन समेत गरेको नदेखिएको स्थितिमा निजबाट विपक्षी चन्द्रप्रसाद दहाललाई सेवाबाट हटाउने गरी भएको कामकारवाही कानूनबमोजिम भएको भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल असोज २९ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६४-WO-०२६९, उत्प्रेषण समेत, *विद्याकृष्ण श्रेष्ठ वि. चन्द्रप्रसाद दाहाल समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

१२

**मा.न्या. श्री वैद्यनाथ उपाध्याय र मा.न्या. श्री कमलनारायण दास,** २०६७-CR-०३५४, साधक RC-००४३, कर्तव्य ज्यान, *भालु गुप्ता वि. नेपाल सरकार, नेपाल सरकार वि. अर्जुन वि.क.*

वारदातको दिन दिउँसो मृतकसँग बसी रक्सी खाएको र निजसँग पैसा भएको थाहा पाई सो लुट्ने उद्देश्यले रातको समयमा प्रतिवादी भालु गुप्ता समेत भई आपसमा सल्लाह गरी योजना बनाई मृतक सुतेको स्थानमा गई मृतक सुतिरहेको अवस्थामा निजको गोजीबाट पैसा झिकेको र तत्पश्चात् मृतकलाई आफू र भालु गुप्ताले ढुंगाले टाउकोमा र मुखमा हानी मारेको भनी प्रतिवादी अर्जुन वि.क.ले अदालतमा समेत सावित भई बयान गरेको तथा प्रतिवादी भालु गुप्ताले पनि आफू र यी प्रतिवादी अर्जुन वि.क. समेत भई मृतक नरेश भुजुवाको पैसा चोरी निजलाई ढुंगाले हानी मारेको भनी बयान गरेको देखिएबाट निज प्रतिवादीउपरको अभियोग दावी पुष्टि भएको पाइँदा निजलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुने ।

प्रतिवादी भालु गुप्ताले अनुसन्धान अधिकारी र अदालतमा बयान गर्दा समेत उमेर १६ वर्षको भएको भनी उल्लेख गरेको पाइयो । यी प्रतिवादीले वारदात मितिमा आफू नाबालक रहेको भनी शुरूमा बयान गर्दा कुनै जिकीर नलिएको एवं कुनै प्रमाण पनि पेश गरेको देखिँदैन । अदालतमा स्वेच्छाले गरेको बयानमा समेत उमेर १६ वर्षको भए भनी उल्लेख गरेको देखिँदा यसरी यसै मुद्दाको कारवाहीको सिलसिलामा खडा भएको स्वतन्त्र प्रमाणबाट समेत प्रतिवादी भालु गुप्ताको उमेर १६ वर्ष पूरा भएको देखिएको र सो उमेरबारे निजले मौकामा कुनै जिकीर समेत लिन नसकेको अवस्थामा पछि पुनरावेदन गर्दा अर्को मुद्दामा आफू तत्काल नाबालक रहेको भन्ने जिकीर लिएकै आधारमा प्रस्तुत वारदात हुँदाको अवस्थामा निज नाबालक रहेछ भनी अहिले अदालतले अनुमान गरी बालबालिकासम्बन्धी ऐन स, २०४८ बमोजिमको सुविधा दिन मिल्ने अवस्था नदेखिने ।

प्रतिवादीहरू वारदात अघि जम्मा भई पूर्व योजना समेत बनाई मृतकलाई ढुंगा प्रहार गरी मारेको भनी आरोपित कसूर गरेकोमा शुरू अनुसन्धान र अदालतमा सावित भएको र उक्त साविती बयान अन्य सहअभियुक्तको बयान एवं लाशजाँच मुचुल्का र लासजाँच प्रतिवेदनबाट पुष्टि भइरहेको अवस्था देखिँदा निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल असार २२ गते रोज ४ शुभम् ।

१३

**मा.न्या. श्री वैद्यनाथ उपाध्याय र मा.न्या. श्री कमलनारायण दास,** २०६७-CR-०४९३, जवर्जस्ती करणी, *राजबहादुर रोकाया वि. नेपाल सरकार*

प्रतिवादी राजबहादुरले जवर्जस्ती करणी गरेको भन्ने पीडितको भनाई जाहेरवालाको र पीडितको अदालतको बकपत्र र जिल्ला जनस्वास्थ्य कार्यालयले पठाएको प्रतिवेदनबाट प्रमाणित भएको देखिन्छ । मौकामा खडा भएका मिसिल संलग्न सबूद प्रमाणबाट कुनै काम, अवस्था वा घटनाको पुष्टि हुने भने त्यसबाट न्यायिक निष्कर्षमा पुग्नु न्यायपूर्ण हुन्छ ।

स्वयं पीडितबाट घटना वारदातको विवरण समेत खोली मौकामा भएको कागजको अदालतमा बकपत्र गरी वारदातको पुष्टि भइसकेको अवस्थामा यी स्थितिलाई अनदेखा गरी हुलाकबाट प्राप्त अप्रमाणित पत्रको आधारमा प्रतिवादीलाई सजायबाट छूट दिने हो भने दोषीले सजायबाट छूट पाउने, पीडितले न्याय नपाउने स्थिति उत्पन्न हुन जाने ।

जाहेरी परेपश्चात् पीडितको आमाले दिएको निवेदनको आधारमा पछि स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट दिएको जन्मदर्ताको प्रमाणपत्र पछि

सिर्जना गरिएको प्रमाण हुँदा निर्विवाद नदेखिएको र सो प्रमाणपत्रबारे प्रतिवादीबाट जुम्ला अदालतमा जालसाजी मुद्दा परेको भन्ने देखिँदा विवादित सो जन्मदर्ताको प्रमाणपत्रबाट मात्र पीडितको उमेर यकीन गर्नु न्यायोचित् देखिएन । प्रतिवादीले पीडितको उमेर सम्बन्धमा शुरूदेखि नै कम उमेर लेखाएको भनी जिकीर लिएको पाइन्छ । पछि पुनरावेदन अदालत, जुम्लाको आदेशानुसार जिल्ला अस्पताल जुम्लाबाट पीडितको उमेर जाँच गरी पठाएको प्रतिवेदनबाट पीडितको उमेर १५-१८ वर्षसम्म रहेको भनी उल्लेख भएको देखिएको र शुरूमा अस्पतालबाट शारीरिक जाँच गर्दा पीडितको योनीमा वयस्क महिलाको योनीमा देखिने जस्तो Little Pubic Hair रहेको भनी उल्लेख गरेको अवस्था समेतलाई विचार गर्दा पीडितको उमेर १४ वर्ष पूरा भइसकेको भन्ने देखिँदा प्रतिवादीलाई जवर्जस्ती करणीको ३(३) नं. बमोजिम ७ वर्ष कैदको सजाय हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल असार २२ गते रोज ४ शुभम् ।

१४

**मा.न्या. श्री वैद्यनाथ उपाध्याय र मा.न्या. श्री कमलनारायण दास,** २०६७ सालको ०६६-CR-०८०६, लागू औषध (खैरो हेरोइन), *अजर तिमिल्सिना भन्ने अमरदत्त तिमिल्सिना वि. नेपाल सरकार*

बरामदी मुचुल्कामा बस्ने प्र.ना.नि. ऋषिकेश पाण्डे, प्र.स.नि. श्रीकृष्ण मानन्धर र प्र.स.नि. शुभलक्ष्मी लामाले प्रतिवादीबाट ४५ ग्राम लागू औषध बरामद भएको भन्दै बरामदी मुचुल्कालाई पुष्टि हुने गरी अदालतमा बकपत्र गरेको अवस्था देखिन्छ । बरामदी मुचुल्कामा भएको सहीछाप आफ्नो हो भनी प्रतिवादीले स्वीकार गरेको देखिन्छ । प्रतिवादीबाट बरामद भएको लागू औषधको वैधानिकताबारे प्रश्न उठेमा सोको प्रमाण पुऱ्याउनुपर्ने भार लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ र प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम प्रतिवादीमा रहेकोमा सो बमोजिम वैधानिक स्रोत प्रतिवादीले देखाउन नसकेको तथा अदालतमा बयान गर्दा आफूबाट लागू औषध खैरो हेरोइन बरामद भएको होइन भनी उल्लेख गरे तापनि शुरूमा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा वीरगञ्जका सञ्जय नामका व्यक्तिले बिक्री गर्न पठाएको हुँदा बिक्री गर्न शिक्षण अस्पतालको परिसरमा बसेको बेला पक्राउ गरेको भनी बयान गरेको र उक्त बयान व्यहोरा, बरामदी मुचुल्का र उक्त मुचुल्काम बस्ने प्रहरी कर्मचारीको किटानी बकपत्रबाट पुष्टि भएको अवस्था देखिएको र प्रतिवादीले आफ्नो इन्कारी बयानलाई कुनै सारभूत आधार र प्रमाणबाट स्थापित गर्न सकेको नदेखिँदा निज आरोपित कसूर अपराधमा संलग्न नरहेको भनी मान्न नमिल्ने ।

प्रतिवादीउपरको लागू औषध (नियन्त्रण), ऐन, २०३३ को दफा ४(घ) र (च) को कसूर प्रमाणित भएको देखिँदा निजलाई सोबमोजिम कसूरदार ठहर गरी ऐ. ऐनको दफा १४(ख) को देहाय (छ)(२) अनुसार १०(दश) वर्ष कैद र रू. ७५,०००।- (पचहत्तर हजार) जरीवाना हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल असार २२ गते रोज ४ शुभम् ।

१५

**मा.न्या. श्री वैद्यनाथ उपाध्याय र मा.न्या. श्री कमलनारायण दास,** २०६७ सालको ०६६-CR-०८३४, RC-०००८, कर्तव्य ज्यान, *शुक्रसिँह नायक वि. नेपाल सरकार, नेपाल सरकार वि. शुक्रसिँह नायक*

जसलाई हाने पनि बन्दुकजस्तो जोखिमी हतियारले हान्दा मानिस मर्छ भन्ने स्वभाविकरूपमा जान्ने कुरा भएकोले त्यस्तो कार्यलाई कानूनले क्षम्य हुने देखिँदैन । मानिस मार्ने दोषी भावनाले झगडापश्चात् घरमा गई लोड भएको बन्दुक बोकी ल्याई प्रहार गरी पुनः बन्दुकसहित घरमा गई बन्दुक आफ्नो घरमा राखेको भन्ने प्रतिवादीको बयानबाट देखिएको र निजले उल्लेख गरेअनसार प्रतिवादीको घरबाट गोलीको झोलासहित बन्दुक बरामद भएको अवस्था पनि पाइयो । यस्तो दोषी मनसायले गरेको कार्य कानूनविपरीत भएको हुँदा यस्तोमा मृतकलाई मार्ने मनसाय नभएको भन्ने प्रतिवादीको जिकीर सफाइ दिने आधार बन्न नसक्ने ।

वस्तुस्थिति मुचुल्काका मानिस द्रोपदी नायकले आफ्नो मौकाको व्यहोरालाई समर्थन गर्दै शुक्रसिँहको गोली प्रहारबाट मृतक रामसिँह नायकको मृत्यु भएको हो भनी अदालतमा समेत बकपत्र गरिदिएको तथा जाहेरवाला

सुरेश सिँह नायकले मौकाको जाहेरी व्यहोरालाई समर्थन गर्दै शुक्रसिँह नायकले भरूवा बन्दुकबाट गोली हानी मृतकलाई मारेको हो भनी घटना वारदातको प्रत्यक्षदर्शी भई किटानसाथ अदालतमा बकपत्र गरिदिएको पाइन्छ। यी सबै प्रमाणहरूबाट प्रतिवादीले मृतक समसिँह नायकलाई गोली हानी मारेको भन्ने अभियोग दावी पुष्टि भएको देखिँदा प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(१) नं बमोजिमको सर्वश्वसहित जन्मकैद हुने।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल असार २२ गते रोज ४ शुभम्।

१६

**मा.न्या. श्री तर्कराज भट्ट र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६३-CR-०३१७, डाँका चोरी, *नेपाल सरकार वि. राजेन्द्र श्रेष्ठ समेत*

अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीहरू मध्येबाटै गरेका बयानमा प्रतिवादीहरू राजन परियार, राजेन्द्र श्रेष्ठ र वीरबहादुर खत्री एकअर्का प्रतिवादीहरू चोरी गर्न जाँदा साथै गएको भनी स्वीकार गरेको देखिन्छ। यसरी चोरी गर्न जाने साथीहरूसँग साथै जाने तर चोरी डाँका गर्ने कार्यमा संलग्न थिइन भन्ने कथनसँग सहमत हुन नसकिने हुँदा प्रतिवादीहरू राजन परियार, राजेन्द्र श्रेष्ठ र वीरबहादुर खत्रीलाई अभियोग दावीबमोजिम कसूर गरेको ठहर्ने र प्रतिवादीहरू श्यामबहादुर बि.सी. र मेखबहादुर थापालाई सफाइ हुने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०६८ साल भदौ १९ गते रोज २ शुभम्।

## रायबाझी आदेश

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री भरतराज उप्रेती,** ०६६-WO-०४४९, उत्प्रेषणयुक्त/परमादेश, *अरूणकुमार ओझा वि. अर्थ मन्त्रालय समेत*

**मा.न्या. श्री ताहिर अली अन्सारीको रायः**

निवेदक कम्पनीले जलविद्युत आयोजना निर्माणको लागि सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी विद्युत उत्पादनको लागि आवश्यक प्रारम्भिक कार्य प्रारम्भ गरिसकेको अवस्थामा आयकर ऐन, २०५८ जारी भएपछि उक्त ऐनको दफा १४३ ले विद्युत ऐन, २०४९ को दफा १२(३) को आयकर छूट दिने सम्बन्धी व्यवस्थालाई खारेज गरेको भए पनि निवेदक कम्पनीलाई तत्काल प्रचलित विद्युत ऐन, २०४९ को दफा १२(३) ले प्रदान गरेको आयकर छूटको सुविधा प्रदान गर्नुपर्ने नै हुन्छ। यसको विपरीत निवेदक कम्पनीलाई आयकर छूट दिन नमिल्ने भनी अर्थ मन्त्रालयबाट मिति २०६६।२।७ मा भएको निर्णय तथा मिति २०६६।७।१० मा निर्देशनात्मक पत्रले निवेदकले साविक विद्युत ऐन, २०४९ को दफा १२(३) बमोजिम आयकर छूट पाउने कानूनी अधिकारमा प्रत्यक्ष असर गरेको भै उक्त निर्णय र पत्र कानूनी त्रुटिपूर्ण देखिँदा अर्थ मन्त्रालयको उक्त मिति २०६६।२।७ को निर्णय तथा मिति २०६६।७।१० को पत्र उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब निवेदक कम्पनीलाई विद्युत उत्पादन शुरू गरेको मिति २०६१।१२।११ गतेदेखि साविक विद्युत ऐन, २०४९ को दफा १२(३) बमोजिम १५ वर्षसम्म आयकर छूट दिनु, दिलाउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

**मा.न्या. श्री भरतराज उप्रेतीको रायः**

विद्युत ऐन, २०४९ को आयकर छूटको सुविधा दिने व्यवस्था आयकर ऐन, २०५८ ले खारेज गरेको अवस्थामा तोकिएको शर्त पूरा गर्नेले मात्र आयकर छूटको सुविधा प्राप्त हुनेमा उक्त आयकर छूटको सुविधा पाउन सक्ने विषयलाई अधिकारस्वरूप दावी गर्न पाउने विषय नभएकोले उक्त सुविधा निवेदक कम्पनीलाई दिन नमिल्ने भनी अर्थ मन्त्रालयबाट भएको मिति २०६६।२।७ को निर्णय तथा मिति २०६६।७।१० को पत्रमा कुनै कानूनी त्रुटि नदेखिएकोले मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्न परेन र उक्त निर्णय बदर गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

माननीय न्यायाधीश श्री ताहिर अली अन्सारीको रायसँग सहमत हुन नसकेकोले सर्वोच्च अदालत नियमावली,२०४९ को नियम ३क बमोजिम प्रस्तुत रिट निवेदन निर्णयार्थ पूर्ण इजलाससमक्ष पेश गर्नू।

इजलास अधिकृतः विमल पौडेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल जेठ २९ गते रोज १ शुभम्।